“ लोक सेवा आयोगको दृढ अठोट, स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट”


लोक सेवा आयोग

# समाचार पत्र

A Trimester Newsletter of Public Service Commission, Nepal

www.psc.gov.np

वर्ष - ८ | अङ्क - २ | पूर्णाङ्क - २६ | कार्तिक - पुस २०७४




सम्माननीय राष्ट्रपति समक्ष लोक सेवा आयोगको ५८ औं वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै आयोगका माननीय अध्यक्ष श्री उमेश प्रसाद मैनाली ।

## समावेश भएका विषयवस्तुहरू


- **लोक सेवा आयोग समाचार**
  - सम्माननीय राष्ट्रपति समक्ष लोक सेवा आयोगको ५८ औं वार्षिक प्रतिवेदन पेश
  - ५८ औं वार्षिक प्रतिवेदन पेश गर्ने क्रममा आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीबाट व्यक्त मन्तव्य
  - ५८ औं वार्षिक प्रतिवेदनको सारसंक्षेप
  - आयोगको कार्य प्रकृयाका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न
  - लोक सेवा आयोगका सचिवबाट पदभार ग्रहण
- **आर्थिक वर्ष २०७४-७५ को दोस्रो त्रैमासिक अवधिको कार्यसम्पादन**
  - आयोगका बैठक र निर्णय
  - पाठ्यक्रम तथा परीक्षा प्रणाली सम्बन्धमा आयोगबाट भएका निर्णयहरु
  - पदपूर्तिका लागि माग र प्रतिशत निर्धारण
  - विज्ञापन प्रकाशन
  - दरखास्त संकलन
  - लिखित परीक्षा सञ्चालन र उत्तरपुस्तिका परीक्षण
  - अन्तर्वार्ता तथा सिफारिस
  - सुरक्षा निकाय तथा संगठित संस्था
  - विभागीय सजाय र परामर्श
  - परीक्षामा अनियमितता गर्ने उपर कारबाही
  - कर्मचारी व्यवस्थापन
  - बजेट खर्च
- **आयोगका सचिव श्री महेन्द्रप्रसाद गुरागाईंसँगको अन्तर्वार्ता**
- **बारम्बार सोधिने प्रश्नहरू**
- **स्वत: प्रकाशन**
- **लोक सेवा आयोगको पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका**


## त्रैमासिक गतिविधि सारांश

### आयोग बैठक

- बैठक संख्या : ९
- निर्णय संख्या: ८५

### शैक्षिक योग्यता निर्धारण

- योग्यता नयाँ निर्धारण भएका पदहरु:
- योग्यता परिमार्जन भएका पदहरु : X

### पाठ्यक्रम

- पाठ्यक्रम नयाँ निर्माण भएका पदहरु : X
  (एउटै पाठ्यक्रम भएका केही पदहरुको परीक्षा प्रणाली परिमार्जन भएको)
- पाठ्यक्रम परिमार्जन भएका पदहरु : X

### माग संकलन र प्रतिशत निर्धारण

- माग संकलन : १३००
- प्रतिशत निर्धारण : १२९६

### पदपूर्तिका लागि विज्ञापन र माग

- विज्ञापन संख्या : २२३
- माग पद संख्या : १२९६
  अधिकृतस्तर: ९४६ सहायकस्तर: ३५०

### दरखास्त संकलन

- जेष्ठता र कार्यसम्पादन : १८६०
- कार्यक्षमता मूल्यांकन : ६३
- आयोगको अनलाईन डेटावेसमा संकलन भएका दरखास्त संख्या :- ६४६८१
  महिला: २१४८० पुरुष: ४३२०१

### लिखित परीक्षा

- परीक्षा सञ्चालन भएको विज्ञापन संख्या : १५७
- उपस्थित उम्मेदवारको संख्या: २५५३२
  महिला: ४१५४ पुरुष: २१३७८

### अन्तर्वार्ता तथा सिफारिस

- अन्तर्वार्ताका लागि छनौट : ११३३५
  महिला : ३८२३ पुरुष : ७५१२
- सिफारिस : १३३१
  महिला : ४६७ पुरुष : ८६४

### सुरक्षा निकाय तथा संगठित संस्था

- पदपूर्तिको लागि सहमति प्रदान गरिएका निकाय: ६
- लिखित परीक्षामा सम्मिलित परीक्षार्थी : १३५३२
  महिला: ३६५८ पुरुष: ९८७४
- लिखित परीक्षामा उत्तीर्ण : ११८३
  महिला: ३३० पुरुष: ८५३

### विभागीय सजाय र परामर्श

- सामान्य सजाय सिफारिस : ३०
- विशेष सजाय सिफारिस : १६
- परामर्श प्रदान : १०

### अनियमितता उपर कारबाही

- परीक्षामा अनियमितता गर्ने उपर गरिएको कारबाही : १९
  महिला : ४ पुरुष : १५

### कर्मचारी व्यवस्थापन

- सरुवा
  - अन्यत्र निकायबाट आयोगमा : ५
  - आयोग अन्तर्गत : ३
  - आयोगबाट अन्य निकाय : १
- पदोन्नति : X
- अनिवार्य अवकाश : २

### बजेट खर्च

- यसअवधिको खर्च: ९,९३,५०,०३९/-


सम्पादक मण्डल :

लक्ष्मी विलास कोइराला
अध्यक्ष
(सहसचिव)

देवीप्रसाद सुवेदी
सदस्य
(उपसचिव)

राजु सत्याल
सदस्य-सचिव
(शाखा अधिकृत)

## सम्पादकीय

### आयोगको वार्षिक प्रतिवेदन

संवैधानिक निकायहरुले आफूले सम्पादन गरेका कामकारवाही समेट्दै प्रत्येक वर्ष आफ्नो प्रतिवेदन तयार गर्ने गर्दछन् । नेपालको संविधानको धारा २९४ को व्यवस्था बमोजिम लोक सेवा आयोगले आ.व. २०७३/०७४ मा गरेका कामको विवरण समेटिएको ५८ औं वार्षिक प्रतिवेदन समयमै तयार गरी सम्माननीय राष्ट्रपति समक्ष पेश गरेको छ ।

प्रतिवेदन अनुसार आयोगप्रति आम सर्वसाधारणको विश्वास वृद्धि हुँदै गएको देखिन्छ । विगतका वर्षहरुको तुलनामा यस वर्ष सार्वजनिक सेवामा प्रवेश गर्न चाहनेको संख्यामा उल्लेखनीय वृद्धि हुनाले यसको थप पुष्टि समेत भएको देखिन्छ । पछिल्ला वर्षहरुमा तोकिएको समयमा विज्ञापन प्रकाशन, परीक्षा तालिकाको निश्चितता जस्ता कारणले गर्दा परीक्षार्थीलाई थप सहज भएको देखिन्छ । आन्तरिक प्रतियोगिता, खुला र समावेशी विज्ञापनबाट पदपूर्ति गरिंदा बजारमा रहेका उत्कृष्ट जनशक्तिलाई निजामती सेवातर्फ आकर्षण गर्नुका साथै सेवा भित्र रहेका जनशक्तिलाई वृत्ति विकासको मार्ग समेत प्रशस्त भएको छ । आ.व. २०७३/०७४ मा प्रत्येक समावेशी समूहका उम्मेदवारहरु उल्लेख्य मात्रामा खुला विज्ञापनतर्फका प्रतिस्पर्धामा अब्बल ठहरिनु तथा महिला र पिछडिएको क्षेत्रका उम्मेदवार समावेशी समूहमा सिफारिस हुनेको संख्या भन्दा खुला विज्ञापनतर्फको प्रतिस्पर्धामा उत्तीर्ण हुनेको संख्या बढी देखिएको छ । यस परिदृष्यमा समावेशी नीतिको प्रभावकारीताका सम्बन्धमा बहस समेत प्रारम्भ हुनु आवश्यक छ । त्यस्तै सुरक्षा निकाय तथा संगठित संस्थाको लिखित परीक्षा आयोगले सञ्चालन गर्ने संवैधानिक व्यवस्था पश्चात् आम परीक्षार्थीमा सकारात्मक प्रभाव परेको देखिन्छ । यसबाट परीक्षामा निष्पक्षता सुनिश्चित हुन गई योग्य र दक्ष व्यक्ति सम्बन्धित संस्थाले प्राप्त गर्ने अपेक्षा गर्न सकिन्छ ।

आयोगले विगतमा दिएका सुझाव कार्यान्वयन नभएको, सुधार हुन नसकेका विषय र परामर्श अनादर भएको विषयमा प्रतिवेदनमा ध्यानाकर्षण गराईएको छ । प्रतिवेदनमा दिइएका सुझावहरुलाई बौद्धिक खुराकको रुपमा मात्र नलिएर कार्यान्वयन तह सम्म लैजानु आजको आवश्यकता हो ।

## लोक सेवा आयोग समाचार >>

### सम्माननीय राष्ट्रपति समक्ष लोक सेवा आयोगको ५८ औं वार्षिक प्रतिवेदन पेश

लोक सेवा आयोगले आर्थिक वर्ष २०७३/०७४ मा सम्पादन गरेका कामकारबाही समेटेर तयार पारेको ५८ औं वार्षिक प्रतिवेदन मिति २०७४ मंसिर ८ गते शुक्रबार सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष पेश गरेको छ । सम्माननीय राष्ट्रपतिसमक्ष आयोगका माननीय अध्यक्ष श्री उमेश प्रसाद मैनालीले राष्ट्रपति भवन शितलनिवासमा सो प्रतिवेदन पेश गर्नु भएको थियो ।



(प्रतिवेदन पेश गर्ने क्रममा सम्माननीय राष्ट्रपतिका साथमा आयोगका पदाधिकारीहरु)

प्रतिवेदन ग्रहण गर्नुहुँदै सम्माननीय राष्ट्रपतिले लोक सेवा आयोगले विगतदेखिको गौरवपूर्ण पहिचान कायम राखी आम नागरिकको विश्वास जितेको, योग्यतम व्यक्तिहरुको सार्वजनिक सेवा प्रवेशको ढोका कायम गर्न सफल भएकोमा लोक सेवा आयोगलाई धन्यवाद दिंदै लोकतान्त्रिक व्यवस्थामा सुशासन महत्वपूर्ण कडीको रुपमा रहेको र यसका लागि आयोगको गहन जिम्मेवारी रहेको बताउनु भएको थियो । वहाँले देशको राज्यव्यवस्था सुदृढ गर्न, कर्मचारीको पदपूर्तिमा आयोगले खेलेको भूमिका अत्यन्त महत्वपूर्ण रहेको हुँदा लोक सेवा आयोगलाई थप सुदृढ गर्न आवश्यक सहयोग पुऱ्याउने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको थियो ।

प्रतिवेदन पेश गर्नु हुदै आयोगका माननीय अध्यक्ष मैनालीले राष्ट्रपतिज्यूप्रति आभार व्यक्त गर्दै योग्यतम् व्यक्तिले मात्र राज्यको सेवा गर्न पाउनु पर्ने र यसका लागि योग्यताका आधार बाहेक अन्य आधारहरु वर्जित हुनुपर्दछ भन्ने विषयमा आयोग दृढसंकल्पित रहेको विचार व्यक्त गर्नु भएको थियो । सो प्रतिवेदन हस्तान्तरण समारोहमा आयोगका माननीय सदस्यज्यूहरु, आयोगका सचिव एवम् अन्य कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो ।

# लोक सेवा आयोगको ५८ औं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष प्रस्तुत गर्ने क्रममा आयोगका अध्यक्ष श्री उमेशप्रसाद मैनालीज्यूबाट व्यक्त मन्तव्य

सम्माननीय राष्ट्रपतिज्यू,

नेपालको संविधानको धारा २९४ को व्यवस्था बमोजिम लोक सेवा आयोगको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने सुविधा प्राप्त भएकोमा हामी आयोग परिवारलाई गर्व र हर्षको अनुभूति भएको छ । यस प्रतिवेदनका लागि आफ्नो अति व्यस्त कार्यक्रमका बाबजुद समय उपलब्ध भएकोमा सम्माननीय राष्ट्रपतिज्यूप्रति आभार व्यक्त गर्दछु । वि.सं. २०१६ मा आयोगको पहिलो प्रतिवेदन प्रस्तुत भएको थियो । यो आयोगको अन्ठाउन्नौं प्रतिवेदन हो । आयोगका वर्तमान पदाधिकारीहरूको नियुक्तिपछिको यो तेस्रो प्रतिवेदन हो भने नेपालको संविधान जारी भएपछिको यो दोस्रो प्रतिवेदन हो । प्रतिवेदनमा समेट्नुपर्ने विषयहरू संघीय कानून बमोजिम हुने प्रावधान नेपालको संविधानको धारा २९४ को उपधारा (२) मा रहेको भएपनि हालसम्म पनि लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारलाई व्यवस्थित गर्ने सम्बन्धी ऐन जारी नभएकाले विद्यमान लोक सेवा आयोग ऐन, २०६६ ले संकेत गरेका विषयहरू र यस अघिका प्रतिवेदनले समेटेका विषयवस्तुहरूलाई नै आधार मानेर यो प्रतिवेदन तयार गरिएको जानकारी गराउन चाहन्छु ।

सम्माननीय राष्ट्रपतिज्यू,

यस प्रतिवेदनमा २०७३ श्रावणदेखि २०७४ आषाढ मसान्तसम्म आयोगले सम्पादन गरेका कामकारबाही उल्लेख भएको छ । यस क्रममा प्रशासनिक र वित्तीय स्थिति, परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम सम्बन्धी भए-गरेका कामहरू, विज्ञापन र दरखास्त सम्बन्धी विवरण, परीक्षा सम्बन्धी विवरण, अन्तर्वार्ता र सिफारिस सम्बन्धी विवरण, समावेशी पदपूर्ति सम्बन्धी विश्लेषणात्मक तालिकाहरू, परामर्श र उजूरी सम्बन्धमा भएका निर्णयहरू, सुरक्षा निकाय तथा संगठित संस्थाको पदपूर्ति सम्बन्धमा आयोगबाट भएका कामहरू, सांगठनिक सुधार र नवप्रवर्तनीय कदमहरू, पहिलेको सुझावहरूको कार्यान्वयन स्थिति तथा ध्यानाकर्षण र सुझावलाई पृथक खण्डहरूमा समेटिएको छ । यस बाहेक आयोगको ऐतिहासिक विकासक्रम र यस क्रममा यस संस्थाले भोगेका राम्रा, नराम्रा घटनाक्रमहरू, वि.सं. २००७ सालदेखिका नेपालमा जारी संविधानहरूले आयोगको काम, कर्तव्य र अधिकारमा गरेको व्यवस्थाको सम्बन्धमा छुट्टै परिच्छेदमा उल्लेख गरिएको छ । नेपालको सबभन्दा पुरानो संवैधानिक निकायको इतिहास विस्मृतिमा नजाओस् भन्ने उद्देश्यले प्रतिवेदनमा ऐतिहासिक विकासक्रमलाई लिपिवद्ध गर्न खोजिएको हो ।

यस प्रतिवेदनलाई विगतका प्रतिवेदनहरू भन्दा भिन्न ढाँचामा प्रस्तुत गर्न खोजिएको छ । विवरणहरूलाई तथ्य र अंकमा जस्ताको तस्तै प्रस्तुत गर्नुभन्दा यी तथ्यहरूको आधारमा देखिएका प्रवृत्तिहरूलाई विश्लेषण सहित प्रस्तुत गरिएको छ । विगत दश वर्षको दरखास्तको प्रवृत्ति, जिल्ला अनुसार दरखास्त संख्या, जातीय आधारमा दरखास्तको वर्गीकरण, उमेर समूह अनुसार दरखास्तको विवरण, लैङ्गिक विवरण समेटिएका छन् । त्यस्तै, सिफारिसतर्फ जिल्लागत, जातिगत, लैङ्गिक विवरण दिइएको छ । अझ महत्वपूर्ण पक्ष समावेशी पदपूर्तितर्फको विश्लेषण छुट्टै परिच्छेदमा गरिएको छ । यी विश्लेषणात्मक विवरणहरू सरकारी सेवाका सम्बन्धमा र समग्र समावेशी सिद्धान्त सम्बन्धी नीति निर्माण गर्न निकै उपयोगी हुन सक्दछ भन्ने आयोगको धारणा छ ।

यस प्रतिवेदन अवधिमा आयोगले नियमित कामका अतिरिक्त कैयन सुधारात्मक र सिर्जनात्मक कार्यहरूको थालनी गरेको छ । आयोगको गौरवपूर्ण अतीतलाई जोगाई राख्न, यस संस्थाप्रतिको जनताको विश्वास एवं आस्थालाई अझ कसिलो पार्न, बदलिँदो प्रविधि विश्वसँग हातेमालो गर्दै कार्यप्रक्रियालाई नवीन प्रविधिमैत्री बनाउन, परीक्षण प्रविधिमा सुधार ल्याई विविध गुणमापक विधिद्वारा आधुनिक चुनौती सामना गर्न सक्ने जनशक्तिलाई सरकारी सेवामा प्रवेश गराउन सुधारका केही कदमहरू लिइएका छन् । अप्राविधिकतर्फको राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीका पदहरूका लागि लिइएका प्रतिस्पर्धात्मक परीक्षाको उत्तरपुस्तिका दुईजना विज्ञ परीक्षकद्वारा परीक्षण गराउने काम सुरु गरिएको छ । यसबाट परीक्षा अझ स्वच्छ र भरपर्दो हुने विश्वास लिइएको छ । अप्राविधिकतर्फको सहसचिव तहको पाठ्यक्रम परिवर्तन गरिएको छ । यसमा नैतिक मूल्य मान्यतासम्बन्धी एक पत्र नै राखिएको छ । लिखित परीक्षाबाट उत्तीर्ण हुनेलाई मामिला विश्लेषण र प्रस्तुतीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ । यस प्रतिवेदन अवधिमा गरिएको यी सुधारले योग्यता प्रणालीका फरक गुणहरूको परीक्षण हुन गई परम्परागत परीक्षण विधिमा निकै सुधार हुने आशा गरिएको छ । यसबाट क्रमशः आधुनिक परीक्षण प्रविधि मानिने 'एसेस्मेन्ट सेन्टर मेथोडोलोजी' लागू गर्न आधार तयार हुँदै गएको छ । यसको अतिरिक्त नेपालको संविधानले थप गरिदिएको सुरक्षा निकाय र संगठित संस्थाहरूको लिखित परीक्षा लिने जिम्मेवारीलाई व्यवस्थित गर्न आयोगको वार्षिक कार्यतालिकामा यी संस्थाहरूको परीक्षाको कार्यतालिका समावेश गर्ने काम भएको छ । यसबाट विशेषतः संगठित संस्थाहरूको पदपूर्तिमा देखिने अनिश्चितताको अन्त्य भएको छ । संगठित संस्थाहरूको मानव स्रोत व्यवस्थापनमा एकरुपता ल्याउन संगठित संस्थाका कर्मचारीहरूको सेवा शर्तसम्बन्धी कानून, विभागीय कारबाही र बढुवामा अवलम्बन गर्नुपर्ने सामान्य सिद्धान्त लागू गरिएको छ ।

सम्माननीय राष्ट्रपतिज्यू,

आर्थिक वर्ष २०७३/७४ को अवधिमा आयोगबाट सम्पादन भएका कार्यहरूको सारका रूपमा म केही मुख्य तथ्याङ्कहरू प्रस्तुत गर्दछु।

- केन्द्रीय कार्यालय र मातहतका कार्यालयहरूमा गरी कूल ४०२ कर्मचारीहरू आयोगको कार्यसम्पादनमा संलग्न रहेका छन्।
- कार्यसम्पादनका सिलसिलामा प्रतिवेदन अवधिमा कूल ६५ वटा बैठक बसी विभिन्न विषयहरूमा जम्मा ३८३ वटा निर्णयहरू लिइएको छ।
- यस अवधिमा कूल १०,३६८ पदका लागि ३,०२८ वटा विज्ञापनहरू प्रकाशन गरिएको थियो जस अन्तर्गत समावेशी प्रतियोगिता तर्फ कल ३,४१० पदका लागि विज्ञापन भएका थिए।
- आर्थिक वर्ष २०६४/६५ मा कूल दरखास्त संख्या १,७५,१२२ मात्र रहेकोमा यस आर्थिक वर्ष २०७३/०७४ मा आयोगमा कूल ८,४४,२९७ दरखास्त प्राप्त भएको हुँदा दरखास्तको संख्या करीव ५ गुणाले वृद्धि भएको देखिन्छ।
- सवैभन्दा बढी खरिदार पदमा १,५८,५५१ दरखास्त परेका छन्। यस्तै गरी बढी दरखास्त परेका पदहरूमा क्रमशः नायव सुब्बा, वनरक्षक, अ.हे.व., अ.न.मी. र शाखा अधिकृत रहेका छन्। विज्ञापित पदसंख्या र पर्न आएका दरखास्त संख्याका आधारमा प्रतिपद औसत दरखास्त सवैभन्दा धेरै रहेका पदहरू क्रमशः वनरक्षक ९२,८००, सहायक महिला विकास निरीक्षक ९१,७८०, नायव सुब्बा ९,९५० र खरिदार ९,६७० रहेका छन्।
- उम्मेदवारको स्थायी ठेगानाका आधारमा सबैभन्दा बढी दरखास्त पर्ने पाँच जिल्लामा सप्तरी, सिरहा, धनुषा, रौतहट र सर्लाही तथा सबैभन्दा न्यून दरखास्त पर्ने जिल्लाहरू क्रमशः मनाङ, मुस्ताङ, रसुवा, डोल्पा र तेह्रथुम रहेका छन्।
- प्रतिवेदन अवधिमा प्राप्त दरखास्त मध्ये सवैभन्दा बढी संख्यामा २१-२५ वर्ष उमेर समूहका उम्मेदवार ९३,९५० रहेका छन्।
- प्रतिवेदन अवधिमा परीक्षा सञ्चालनका लागि कूल ६,१७७ प्रश्नपत्र विज्ञद्वारा निर्माण गराईएको थियो।
- एकीकृत परीक्षा प्रणाली अन्तर्गत शाखा अधिकृत, नायव सुब्बा र खरिदार पदका लागि सञ्चालित प्रथम चरणका परीक्षाबाट दरखास्त दिने कूल उम्मेदवारको २६% उम्मेदवार मात्र दोस्रो चरणका परीक्षाका लागि छनौट भईउक्त ३ पदका लागि लिईएको दोस्रो चरणको लिखित परीक्षाबाट कूल दरखास्तको औसत १% उम्मेदवार मात्र अन्तर्वार्ताका लागि छनौट भए रसो मध्ये करीव आधा उम्मेदवार (१७३७ जना) मात्र स्थायी नियुक्तिको लागि सिफारिस भए।
- प्रकाशित विज्ञापन मध्ये ९० वटा विज्ञापनका कल १३० पदमा कुनैपनि उम्मेदवार उत्तीर्ण हुन सकेनन्। त्यस्तै ६९७ पदका लागि भएका विभिन्न ४४ वटा विज्ञापनहरूमा माग भएभन्दा न्यून संख्यामा (२५२ )जना उम्मेदवार उत्तीर्ण भए।
- प्रतिवेदन अवधिमा कूल नौ हजार पाँचसय पैसठ्ठी (९,५६५) जना उम्मेदवारहरू स्थायी नियुक्तिका लागि सिफारिस भए जसमा महिला ४,१३४ जना र पुरुष ५,४३१ जना रहेका छन्। सिफारिस हुने उम्मेदवारहरूको औसत उमेर २७ वर्ष रहेको छ।
- स्थायी ठेगानाका आधारमा सबैभन्दा बढी उम्मेदवार सिफारिस हुने पाँच जिल्लामा क्रमशः सप्तरी, सर्लाही, धनुषा, रौतहट र सिरहा तथा सबैभन्दा कम उम्मेदवार सिफारिस हुने जिल्लामा क्रमशः मनाङ, मुस्ताङ, रसुवा, डोल्पा र ताप्लेजुङ रहेका छन्।
- आ.व. २०७२/७३ का विज्ञापनबाट आ.व. २०७३/७४ को अवधिमा समावेशी प्रतियोगिता तर्फ कुल ४,०२६ जना (कूल सिफारिसको ४२%) उम्मेदवार सिफारिस भएका छन्।
- गत ७ वर्षको अवधिमा कूल ३३,८१७ जना उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएकोमा विभिन्न ६ समावेशी समूहका विज्ञापनमा जम्मा १३,६९५ जना उम्मेदवारहरू सिफारिस भएका छन्। समावेशी समूहका उम्मेदवारहरू खुलातर्फका विज्ञापनहरूबाट समेत उल्लेख्य संख्यामा सिफारिस भएका छन्।
- कूल १०५ वटा संगठित संस्थाहरूमा लोक सेवा आयोगको प्रतिनिधित्व रहेको छ। सुरक्षा निकाय र संगठित संस्थाका गरी कूल १,८८० पदहरूको पदपूर्ति सम्बन्धी विज्ञापन प्रकाशन गर्ने सहमति प्रदान गरिएको छ भने प्रतिवेदन अवधिमा कूल २६६ वटा विज्ञापनका लिखित नतिजाहरू प्रकाशन गरिएको छ।
- आर्थिक वर्ष २०७३/७४ मा आयोगको कार्यसम्पादनका लागि रू ६७ करोड ३७ लाख ९२ हजार बजेट खर्च भएको छ । सो अवधिमा आयोगबाट रू २१ करोड ४० लाख ३२ हजार राजस्व सङ्कलन भएको छ।

सम्माननीय राष्ट्रपतिज्यू,

योग्यतम व्यक्तिले मात्र राज्यको सेवा गर्न पाउनु पर्दछ र यसका लागि योग्यताका आधार वाहेक अन्य आधारहरू वर्जित हुनुपर्दछ भन्नेमा आयोग दृढसंकल्पित छ। तर, योग्यताका परख गर्ने कुनै पनि विधि पूर्ण हुन सक्दैन। त्यसले हाम्रो प्रयास पूर्णताको नजिक पुग्ने नै हो। योग्यताका आधारका रुपमा स्वीकारिएको संज्ञानात्मक, व्यावहारिक, व्यक्तित्व, मनोवैज्ञानिक तथा संवेगात्मक जस्ता गुणहरूका परीक्षण गर्ने नवीन र वैज्ञानिक विधिहरूको प्रयोग गर्न आयोग प्रयासरत छ। राम्रो भविष्यका लागि असल प्रशासन र असल प्रशासनको लागि सकारात्मक तथा सिर्जनात्मक भर्ना पद्धति हाम्रो मूल मन्त्र रहने विश्वास समेत व्यक्त गर्न चाहन्छु।

अन्तमा, आफ्नो अमूल्य समय उपलब्ध गराउनु भएकोमा सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोग पुनः आभार व्यक्त गर्दछ।

२०७४ मंसीर ८ गते, शुक्रवार

# ५८ औं वार्षिक प्रतिवेदनको सारसंक्षेप




विज्ञापन




दरखास्त




सिफारिस

### १. विज्ञापन

प्रतिवेदन अवधिमा आयोगबाट बढुवा, आन्तरिक प्रतियोगिता तथा खुला प्रतियोगिताका विधिहरूबाट कूल १०,३६८ पदका लागि ३,०२८ वटा सूचना र विज्ञापनहरू प्रकाशन गरिएको थियो, जस अन्तर्गत समावेशी प्रतियोगिता तर्फ कूल ३,४१० पदका लागि विज्ञापन भएको थियो ।

### २. दरखास्त

प्रतिवेदन अवधिमा प्रकाशित सम्पूर्ण सूचना र विज्ञापनका लागि आयोगमा कूल ८,४४,२९७ दरखास्त (सुरक्षा निकाय र संगठित संस्था बाहेक) प्राप्त भएका थिए । नेपालका ७५ वटै जिल्लाहरूबाट दरखास्त प्राप्त भएका थिए । उम्मेदवारको स्थायी ठेगानाका आधारमा सबैभन्दा बढी दरखास्त पर्ने ५ जिल्लामा सप्तरी, सिराहा, धनुषा, रौतहट र सर्लाही पर्दछन् । सबैभन्दा न्यून दरखास्त पर्ने जिल्लामा क्रमशः मनाङ, मुस्ताङ, रसुवा, डोल्पा र तेह्रथुम रहेका छन् । आयोगबाट प्रकाशित विज्ञापन मध्ये ३९ वटा विज्ञापनमा कुनै पनि दरखास्त परेनन् ।

### ३. परीक्षा

विज्ञापित पदमा उपयुक्त उम्मेदवार छनौट गर्नका लागि आयोगले कूल २,९९२ सेट प्रश्नपत्र तयार गरी परीक्षा सञ्चालन गरेको थियो । सञ्चालित प्रथम चरणका परीक्षाबाट २६५ उम्मेदवार मात्र दोस्रो चरणका परीक्षाका लागि छनौट भएका थिए । दोस्रो चरणका लिखित परीक्षामा उम्मेदवार उपस्थिति दर निजामती सेवाका विज्ञापनको हकमा ७९५ रहेको थियो भने संगठित संस्था तर्फका विज्ञापनमा ४४५ मात्र देखिन्छ । प्रतिवेदन अवधिमा प्रकाशित विज्ञापन मध्ये ९० वटा विज्ञापन (कूल १३० पद) का लागि सञ्चालित परीक्षामा कुनैपनि उम्मेदवार उत्तीर्ण हुन सकेनन् । त्यस्तै ६९७ पदका लागि भएका विभिन्न ४४ वटा विज्ञापनहरूमा माग भए भन्दा न्यून संख्यामा ९२५२ जना मात्र उम्मेदवार उत्तीर्ण भएका थिए ।

### ४. स्थायी नियुक्तिका लागि सिफारिस

प्रतिवेदन अवधिमा कूल नौ हजार पाँचसय पैसठ्ठी (९,५६५) जना उम्मेदवारहरू स्थायी नियुक्तिका लागि सिफारिस भए । जसमा महिला ४,१३४ जना र पुरुष ५,४३१ जना रहेका छन् । स्थायी ठेगानाका आधारमा सबैभन्दा बढी उम्मेदवार सिफारिस हुने जिल्लामा क्रमशः सप्तरी, सर्लाही, धनुषा, रौतहट र सिराहा पर्दछन् । सिफारिस हुने उम्मेदवारहरूको औषत उमेर २७ वर्ष रहेको छ ।

### ५. समावेशी पदपूर्ति

समावेशी पदपूर्ति सम्बन्धी नेपाल सरकारको नीति कार्यान्वयनको दश वर्ष पूरा भएको छ । प्रतिवेदन अवधि सहित अन्तिम ७ वर्षमा कूल३३,८१७ जना स्थायी नियुक्तिका लागि सिफारिस भएकोमा विभिन्न ६ समावेशी समूहका विज्ञापनमा १३,६९५ जना उम्मेदवारहरू सिफारिस भएका छन् । आ.व. २०७३/७४ मा प्रत्येक समावेशी समूहका उम्मेदवारहरू उल्लेख्य संख्यामा खुला विज्ञापनतर्फका प्रतिस्पर्धामा अब्वल ठहरी नियुक्त भएका छन् । महिला समावेशी समूह र पिछडिएको क्षेत्र समावेशी समूहका उम्मेदवारको हकमा समावेशी समूहमा सिफारिस हुनेको संख्या भन्दा खुला विज्ञापनतर्फका प्रतिस्पर्धामा उत्तीर्ण हुनेको संख्या बढी छ ।

### ६. सुरक्षा निकाय र संगठित संस्थाको पदपूर्ति

प्रतिवेदन अवधिसम्म कूल १०५ वटा संगठित संस्थाहरूमा लोक सेवा आयोगको प्रतिनिधित्व रहेको छ । आर्थिक वर्ष २०७३/७४ मा आयोगबाट विभिन्न ३ वटा सुरक्षा निकाय तथा ३० वटा संगठित संस्थाका कूल १,८८० पदहरूको पदपूर्ति सम्बन्धी विज्ञापन प्रकाशन गर्ने सहमति प्रदान गरी विभिन्न पदका लागि लिखित परीक्षा सञ्चालन र उत्तर पुस्तिका परीक्षण गर्ने कार्य समेत सम्पन्न भयो । उक्त विज्ञापनहरूमा कूल २,२३,४६७ दरखास्त परेकोमा ९७,३२१ जना उम्मेदवार लिखित परीक्षामा सम्मिलित भएका थिए । प्रतिवेदन अवधिमा कूल २६६ वटा विज्ञापनका लिखित नतिजाहरू प्रकाशन गरिएको थियो ।

### ७. कार्यसम्पादनका आधार

संविधान प्रदत्त काम, कर्तव्य र अधिकार एवम् सो को प्रचलनका लागि निर्मित विभिन्न कानूनहरूको आधारमा आयोगले आफ्नो कार्यसम्पादन गर्दै आएको छ। संगठनात्मक संरचना एवं विभिन्न कार्यविधिहरू तय गर्दै आयोगले योग्यता, स्वच्छता, निष्पक्षता, समान अवसर, गोपनीयता लगायतका विभिन्न सिद्धान्त आत्मसात गरी संगठनात्मक उद्देश्य प्राप्तीमा गुणस्तरीयता र विश्वसनीयता सुनिश्चित गरेको छ।

### ८. सुधार र प्रवर्तन

प्रतिवेदन अवधिमा आयोगले परीक्षा प्रणालीमा विभिन्न नवप्रवर्तनहरू समेत गरेको छ। प्रविधिको प्रयोगलाई विस्तार गर्दै स्वचालित कार्यपद्धतिमा जोड दिएको छ। दस्तुर संकलन पद्धतिमा सुधार र सेवाग्राही एवं सरोकारवालाको सरल पहुँच स्थापित गर्न आयोगले नवीन प्रबन्धहरू समेत गरेको छ।

## आयोगको कार्य प्रक्रियाका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न

लोक सेवा आयोग र सार्वजनिक निकाय बीचको अन्तरसम्बन्धलाई थप बलियो र प्रभावकारी बनाउने सिलसिलामा मिति २०७४ कात्तिक ८ गते देखि १२ गते सम्म प्रदेश नं. १ को इलाम, पाँचथर, ताप्लेजुङ र झापा जिल्लामा आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीज्यूको अध्यक्षतामा अन्तरक्रिया कार्यत्रम सम्पन्न भएका छन्। उक्त कार्यक्रमहरुमा निजामती सेवा, सुरक्षा निकाय तथा सार्वजनिक संस्थानमा कार्यरत कर्मचारीहरु तथा सञ्चारकर्मीहरुको समेत उपस्थिति रहेको थियो।

कार्यक्रममा सहभागीहरुले सार्वजनिक सेवालाई थप प्रभाकारी बनाउन आयोगको भूमिकाका विषयमा चर्चा गर्नु भएको थियो भने सहभागीहरुको जिज्ञासालाई माननीय अध्यक्ष तथा आयोगका सहसचिव श्री लक्ष्मी विलास कोइरालाले सम्बोधन गर्नु भएको थियो। कार्यक्रमको सञ्चालन आयोगका उपसचिव श्री शिवकुमार कार्कीले गर्नु भएको थियो भने ना.सु.श्री श्रीप्रसाद पौडेलले कार्यक्रम व्यवस्थापनमा सहयोग पुऱ्याउनु भएको थियो।

## लोक सेवा आयोगका सचिवबाट पदभार ग्रहण

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०७/२० को निर्णयानुसार मध्यपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेतबाट सरुवा भई आउनु भएका सचिव श्री महेन्द्रप्रसाद गुरागाईले मिति २०७४ मंसिर २२ गतेदेखि आयोगमा पद बहाली गर्नु भएको छ।

पद बहालीका क्रममा आयोजना गरिएको स्वागत कार्यक्रममा मन्तव्य व्यक्त गर्दै कर्मचारीलाई मार्गदर्शन गर्ने क्रममा वहाँले लोक सेवा आयोगले कमाएको ख्यातिलाई अझ बढाउन थप जिम्मेवार बन्न तथा आयोगबाट निर्धारित कार्यतालिका बमोजिम तोकिएको समयमा नै कार्य सम्पन्न गर्न कर्मचारीले आफूलाई सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुका साथै आयोगको निष्पक्षता कायम राख्न थप सजग बन्नु पर्ने विचार व्यक्त गर्नु भएको थियो। वहाँलाई आयोगका निमित्त सचिव श्री लक्ष्मी विलास कोइरालाले स्वागत गर्नु भएको थियो।



(पदभार ग्रहण गर्नु हुँदै आयोगका सचिव श्री महेन्द्रप्रसाद गुरागाई)

वि.सं. २०४२ साल वैशाखमा न्याय सेवाको खरिदार पदबाट निजामती सेवा प्रारम्भ गर्नुभएको सचिव श्री महेन्द्रप्रसाद गुरागाईले २०४९ असारमा नेपाल सरकारको शाखा अधिकृत पदमा नियुक्ति भई हुलाक सेवा विभाग वा अन्तर्गत रही जिम्मेवारी सम्हाल्नु भएको थियो। वहाँ वि.सं. २०५६ चैत्रमा उपसचिव पदमा पदोन्नति हुनुभएको थियो, सो अवधिमा वहाँले स्थानीय विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय तथा लोक सेवा आयोगको जिम्मेवारी बहन गर्नु भएको थियो। वि.सं. २०६५ चैत्र महिनामा सहसचिव पदमा बढुवा हुनुभई सूचना तथा सञ्चार मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय र लोक सेवा आयोगको जिम्मेवारी बहन गर्नु भएको थियो भने वि.सं. २०७४ साल असार महिनामा नेपाल सरकारका निर्णयबाट सचिव पदमा बढुवा हुनुभई मध्यपश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेतमा क्षेत्रीय प्रशासकको जिम्मेवारी निर्वाह गर्दै आउनु भएको थियो।

# आर्थिक वर्ष २०७४-०७५ को दोस्रो त्रैमासिक अवधिको कार्यसम्पादन अवस्था

## १. आयोगका बैठक र निर्णय

आर्थिक वर्ष २०७४/०७५ को दोस्रो त्रैमासिक (कात्तिक-पुस) अवधिमा आयोगको ९ पटक बैठक बसी कूल ८५ वटा निर्णयहरु गरेको छ । यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| निर्णयको विषय | निर्णय सख्या |
|---|---|
| विभागीय सजाय तथा बढुवाको उजुरी सम्बन्धी र अन्य परामर्श सम्बन्धी | ५६ |
| सुरक्षा निकाय तथा संगठित संस्था पदपूर्ति सहमति | १३ |
| पाठ्यक्रम तथा परीक्षण प्रविधि | ४ |
| परीक्षामा अनयिमिता उपर कारबाही सम्बन्धी | ५ |
| विविध | ७ |
| जम्मा | ८५ |

## २. पाठ्यक्रम तथा परीक्षा प्रणाली

एउटै शैक्षिक योग्यता तोकिएका एउटै श्रेणीका विभिन्न सेवा, समूह र उपसमूहका पदमा लिइने खुला प्रतियोगितात्मक परीक्षाको लागि क्रमशः संयुक्त र एकीकृत परीक्षा प्रणाली (Integrated and Unified Examination System) मा आधारित पाठ्यक्रम निर्धारण गरी लागू गर्दै जाने सम्बन्धमा आयोगबाट मिति २०६७/३/२३ मा भएको नीतिगत निर्णय अनुरुप मिति २०७४/७/२८ गते राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक) तर्फ कृषि, वन, इञ्जिनियिरिङ्ग र शिक्षा सेवाका निम्न सेवा/समूह/उपसमूहका पदहरुको प्रथम पत्रको लिखित परीक्षा संयुक्त रुपमा एउटै प्रश्नपत्रबाट एकै दिनमा गर्ने र द्वितीय पत्रको परीक्षा सम्बन्धित समूह अनुरुप अलग अलग दिनमा गर्ने निर्णय भएको छ ।

- कृषि सेवा तर्फ प्लान्ट पोटेक्सन, एगृ. एक्स्टेन्सन, हर्टिकल्चर (वागवानी), एग्रोनोमी, एगृ इको एण्ड मार्केटिङ्ग र स्वायल साइन्स समूह ।
- वन सेवा तर्फ नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ, स्वायल एण्ड वाटर कन्जरभेशन, फरेष्ट रिसर्च र जनरल फरेष्ट्री समूह ।
- इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह तर्फ जनरल, स्यानिटरी, इरिगेशन, हाइड्रोपावर, हाइवे, विल्डिङ्ग एण्ड आर्किटेक्ट र एयरपोर्ट उपसमूह ।
- इञ्जिनियरिङ्ग सेवा, मेकानिकल समूहतर्फ जनरल मेकानिकल र नि.उ.स. उपसमूह ।
- इञ्जिनियरिङ्ग सेवा, जियोलोजी समूहको जनरल जियोलोजी, हाइड्रोजियोलोजी र इञ्जि. जियोलोजी उपसमूह ।
- शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण,विज्ञान, गणित, सामाजिक शिक्षा, नेपाली, अंग्रेजी, शारीरिक शिक्षा, संस्कृत र व्यावसायिक शिक्षा उपसमूह ।
- शिक्षा सेवा पुरातत्व समूहतर्फ पुरातत्व र संग्रहालय उपसमूह ।

## ३. पदपूर्तिका लागि माग र प्रतिशत निर्धारण

यस अवधिमा पदपूर्तिका लागि देहाय अनुसार माग संकलन भई प्रतिशत निर्धारण गरिएको छ ।

| क्र.सं. | श्रेणी/तह | माग संकलन | प्रतिशत निर्धारण |
|---|---|---|---|
| १ | राजपत्रांकित तृतीय (प्राविधिक) | ३६७ | ३६३* |
| २. | स्वास्थ्य सेवा आठौं | १२८ | १२८ |
| ३. | स्वास्थ्य सेवा सातौं | ६५ | ६५ |
| ४. | राजपत्रांकित तृतीय (अप्राविधिक) | ३९० | ३९० |
| ५. | रा.प.अनं.प्रथम (अप्राविधिक) | ३५० | ३५० |
| | जम्मा | १३०० | १२९६ |

*नेपाल इञ्जिनियरिङ्ग सेवा, रेल्वे समूहको शैक्षिक योग्यता र पाठ्यक्रम निर्धारण नभएको हुँदा सो समूहमा माग भएका ४ पदको विज्ञापन प्रकाशन नगरिएको ।

## ४. विज्ञापन प्रकाशन

यस अवधिमा आयोगको स्वीकृत वार्षिक कार्यतालिका बमोजिम कार्तिक अन्तिम हप्तामा राजपत्रांकित तृतीय श्रेणीका प्राविधिक तथा स्वास्थ्य सेवाका आठौं र सातौं तहका पदहरुको मंसिर अन्तिम हप्ता राजपत्रांकित तृतीय श्रेणीका अप्राविधिक पदहरुको र पुस अन्तिम हप्तामा राजपत्र अनंकित प्रथम श्रेणीका अप्राविधिक पदहरुको विज्ञापन भएको छ। अधिकृतस्तरतर्फ ९४६ पदका लागि १९१ विज्ञापन प्रकाशन भएको छ भने सहायकस्तर तर्फ ३२ विज्ञापनबाट कूल ३५० पदका लागि विज्ञापन भएको छ। यस सम्बन्धी विस्तृत विवरण तल तालिकामा उल्लेख गरिएको छ।

| क्र.सं. | श्रेणी/तह | विज्ञापन संख्या | विज्ञापित पद संख्या |
|---|---|---|---|
| १. | राजपत्रांकित तृतीय (प्राविधिक) | १४० | ३६३ |
| २. | स्वास्थ्य सेवा आठौं | १४ | १२८ |
| ३. | स्वास्थ्य सेवा सातौं | ३० | ६५ |
| ४. | राजपत्रांकित तृतीय (अप्राविधिक) | ७ | ३९० |
| ५. | रा.प.अनं.प्रथम (अप्राविधिक) | ३२ | ३५० |
| जम्मा | | २२३ | १२९६ |

## ५. दरखास्त संकलन

बढुवातर्फ:

यस अवधिमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट हुने बढुवा तथा कार्यसम्पादन मूल्याङ्कनबाट हुने बढुवातर्फ देहाय अनुसार कूल १९२३ वटा दरखास्त फारामहरु संकलन भएका छन्।

| क्र.सं. | श्रेणी/तह | जेष्ठता र कार्यसम्पादन | कार्यक्षमताको मूल्यांकन |
|---|---|---|---|
| १ | स्वास्थ्य सेवा नवौं | - | ४ |
| २ | राजपत्रांकित तृतीय (प्राविधिक) | ६२० | - |
| ३. | स्वास्थ्य सेवा सातौं | - | ५९ |
| ४. | राजपत्रांकित तृतीय (अप्राविधिक) | १२४० | - |
| जम्मा | | १८६० | ६३ |

### आ.प्र. खुला र समावेशीतर्फ

आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत कूल ६४६८१ दरखास्त प्राप्त भएका छन्। जसमध्ये अप्राविधिकतर्फ ३२३०७ र प्राविधिकतर्फ ३२३७४ वटा दरखास्त संकलन भएका छन्। प्राप्त दरखास्तको श्रेणी/तह अनुसारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | श्रेणी/तह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | राजपत्रांकित प्रथम (अप्रा.) | १०७ | ८३९ | ९४६ |
| २. | राजपत्रांकित प्रथम (प्रा.) | ३२ | २९९ | ३३१ |
| ३. | स्वास्थ्य सेवा एघारौं | २९ | ८० | १०९ |
| ४. | स्वास्थ्य सेवा नवौं | १११ | १४६ | २५७ |
| ५. | रा.प.द्वितीय श्रेणी (अप्रा.) | ८३० | ३१४२ | ३९७२ |
| ६. | रा.प.द्वितीय श्रेणी (प्रा.) | २२४ | ८३० | १०५४ |
| ७. | स्वास्थ्य सेवा आठौं | ११६९ | २३१७ | ३४८६ |
| ८. | स्वास्थ्य सेवा सातौं | ३२१० | १३४७ | ४५५७ |
| ९. | रा.प. तृतीय (अप्रा.) | ८१२९ | १६१७३ | २४३०२ |
| १०. | रा.प. तृतीय (प्रा.) | ६६०८ | १५९७२ | २२५८० |
| ११. | रा.प.अनं.प्रथम (अप्रा.) | १०३१ | २०५६ | ३०८७ |
| जम्मा | | २१४८० | ४३२०१ | ६४६८१ |

## जिल्लागत विवरण

उम्मेदवारको स्थायी ठेगानामा उल्लेखित जिल्लाका आधारमा प्राप्त दरखास्तहरु विश्लेषण गर्दा यस अवधिमा काठमाडौं, स्याङ्जा तथा मोरङ जिल्लाबाट सबै भन्दा बढी तथा डोल्पा, मनाङ र मुस्ताङ जिल्लाबाट सबै भन्दा कम दरखास्त प्राप्त भएको देखिन्छ। दरखास्तको जिल्लागत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| काठमाडौं | १६०४ | १३५८ | २९६२ |
| स्याङ्जा | ७३४ | १५१७ | २२५१ |
| मोरङ | ७२९ | १२८६ | २०१५ |
| सप्तरी | ३८० | १६२१ | २००१ |
| गुल्मी | ७२३ | १२०३ | १९२६ |
| कास्की | ७२२ | ११७२ | १८९४ |
| धनुषा | ३८४ | १४७७ | १८६१ |
| चितवन | ८०५ | १०२९ | १८३४ |
| झापा | ६५७ | १०७६ | १७३३ |
| रुपन्देही | ६४४ | ९८६ | १६३० |
| सर्लाही | ३४० | ११८० | १५२० |
| महोत्तरी | ३४७ | ११६० | १५०७ |
| भक्तपुर | ६७७ | ७७६ | १४५३ |
| सिरहा | २६० | ११७९ | १४३९ |
| सुनसरी | ५०४ | ८६७ | १३७१ |
| अर्घाखाँची | ४२२ | ८८४ | १३०६ |
| दाङ | ३८५ | ९०२ | १२८७ |
| काभ्रेपलाञ्चोक | ५४७ | ७०८ | १२५५ |
| नवलपरासी | ४५७ | ७७३ | १२३० |
| कञ्चनपुर | ३८७ | ८४२ | १२२९ |
| कैलाली | ३६७ | ८४८ | १२१५ |
| पर्वत | ३९० | ८१५ | १२०५ |
| सुर्खेत | ४०८ | ७३५ | ११४३ |
| ललितपुर | ५४२ | ५२८ | १०७० |
| बारा | २२१ | ८१८ | १०३९ |
| गोरखा | ३८२ | ६३९ | १०२१ |
| रौतहट | १८० | ८३४ | १०१४ |
| मकवानपुर | ४३५ | ५७७ | १०१२ |
| पाल्पा | ४२५ | ५६९ | ९९४ |
| तनहुँ | ३५५ | ६२१ | ९७६ |
| बाग्लुङ | ३४१ | ५९२ | ९३३ |
| बर्दिया | ३१४ | ५७३ | ८८७ |
| दैलेख | १५२ | ६८९ | ८४१ |
| पर्सा | १९० | ६०१ | ७९१ |
| खोटाङ | २४० | ५१४ | ७५४ |
| कपिलवस्तु | १८५ | ५५२ | ७३७ |
| इलाम | २९३ | ४१४ | ७०७ |
| बाँके | २३९ | ४४० | ६७९ |

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| उदयपुर | १७९ | ४९१ | ६७० |
| रुकुम | १५६ | ४८५ | ६४१ |
| बैतडी | १२० | ४९९ | ६१९ |
| धादिङ | २३७ | ३६४ | ६०१ |
| प्युठान | २०१ | ३९७ | ५९८ |
| जुम्ला | १११ | ४७४ | ५८५ |
| लम्जुङ | २२९ | ३४३ | ५७२ |
| सिन्धुली | १७८ | ३९२ | ५७० |
| भोजपुर | १८५ | ३६७ | ५५२ |
| धनकुटा | २२६ | ३२३ | ५४९ |
| बझाङ | ९८ | ४४२ | ५४० |
| दोलखा | १९१ | ३३२ | ५२३ |
| नुवाकोट | १७५ | ३२७ | ५०२ |
| सिन्धुपाल्चोक | १८३ | २९९ | ४८२ |
| ओखलढुङ्गा | १८५ | २९० | ४७५ |
| संखुवासभा | १६० | ३०५ | ४६५ |
| दार्चुला | १०२ | ३४० | ४४२ |
| रामेछाप | १५१ | २८८ | ४३९ |
| अछाम | ५४ | ३५४ | ४०८ |
| पाँचथर | १३३ | २३१ | ३६४ |
| सल्यान | ७३ | २९० | ३६३ |
| डडेल्धुरा | ८८ | २६७ | ३५५ |
| डोटी | ६७ | २७३ | ३४० |
| जाजरकोट | ७१ | २४३ | ३१४ |
| रोल्पा | ६७ | २१९ | २८६ |
| तेह्रथुम | १२८ | १५२ | २८० |
| ताप्लेजुङ | ७० | १६१ | २३१ |
| म्याग्दी | ७२ | १५७ | २२९ |
| सोलुखुम्बु | ९४ | १२२ | २१६ |
| कालिकोट | २१ | १७६ | १९७ |
| बाजुरा | २८ | १६४ | १९२ |
| हुम्ला | ७ | १०३ | ११० |
| मुगु | १४ | ६८ | ८२ |
| रसुवा | २५ | ४३ | ६८ |
| डोल्पा | १५ | ४५ | ६० |
| मनाङ | ११ | १० | २१ |
| मुस्ताङ | ८ | १० | १८ |
| जम्मा | २१४८० | ४३२०१ | ६४६८१ |

## जातिगत विवरण

उम्मेदवारले दरखास्त पेश गर्दा उल्लेख गरेको जातिगत विवरणका आधारमा दरखास्त फारामको जातिगत वर्गीकरण यस प्रकार रहेको छ।

| जाति | संख्या |
|---|---|
| ब्राह्मण | ३०३१७ |
| क्षेत्री | ९८३२ |
| नेवार | ४१७२ |
| यादव | २५२१ |
| थारु | १९०५ |
| मगर | १८४७ |
| क्षत्रीय | १३५३ |
| राई | ११६७ |
| तेली | १०९८ |
| ठकुरी | ८६९ |
| तामाङ | ८५९ |
| कोइरी | ६६० |
| कामी | ६१३ |
| कायस्थ | ५१२ |
| लिम्बू | ४८५ |
| सुढी | ४५० |
| गुरुङ्ग | ३८२ |
| कलवार | ३५२ |
| मुस्लिम | ३५१ |
| बानिया | ३४६ |
| सार्की | २८६ |
| दमाई/ढोली | २८४ |
| सन्यासी | २७२ |
| धानुक | २४८ |
| कुर्मी | २१५ |
| कानु | १९२ |
| सोनार | १६७ |
| केवाट | १३८ |
| राजपूत | १३८ |
| घर्ती/भुजेल | १३० |
| बरही | १२९ |
| हलुवाई | ११४ |
| लोहार | ११२ |
| कुमहर | १०४ |
| सुनुवार | १०१ |
| हजाम/ठाकुर | ९४ |
| दनुवार | ८७ |

| जाति | संख्या |
|---|---|
| टमटा | ८४ |
| चमार/राम/हरिजन | ८३ |
| कुमाल | ७३ |
| धोबी | ६६ |
| राजवंशी | ६१ |
| मल्ल | ५७ |
| दुसाध/पासवान | ५३ |
| शेर्पा | ५० |
| माझी | ४६ |
| खत्वे | ३७ |
| भेडियार/घडेरी | ३४ |
| बादी | ३२ |
| गनगाई | ३१ |
| थकाली | ३१ |
| बर्मु | २७ |
| मारवाडी | २७ |
| सिकर्मी | २५ |
| नुनाई | २५ |
| छन्तेल | २० |
| याक्खा | १९ |
| राजवर | १८ |
| बोटे | १७ |
| कहर | १७ |
| बंगाली | १५ |
| माली | १५ |
| धिमाल | १३ |
| पहरी | १३ |
| राजबोध | १३ |
| चेपाङ/प्रजा | १० |
| गैरे | १० |
| ताजपुरिया | १० |
| बान्तरा | ८ |
| विङ्गा/विन्दा | ८ |
| गाइने | ७ |
| व्यासी | ६ |
| दुरा | ६ |
| किसान | ५ |

| जाति | संख्या |
|---|---|
| सन्थाल सतार | ५ |
| थामी | ५ |
| ह्याल्मो | ४ |
| कमार | ३ |
| राउत | ३ |
| विश्वकर्मा | २ |
| धाँगड/झाँगड | २ |
| धुनिया | २ |
| डोम | २ |
| हायू | २ |
| जैन | २ |
| कुसुण्डा | २ |
| लोढा | २ |
| मुण्डा | २ |

| जाति | संख्या |
|---|---|
| मुसहर | २ |
| बडु | १ |
| चिडिमार | १ |
| जोगी | १ |
| कुसवाहा | १ |
| लेप्चे | १ |
| लोहाङ | १ |
| नापित | १ |
| पन्जाबी/सिख | १ |
| साह | १ |
| शर्मा | १ |
| वालुङ | १ |
| अन्य | ६५६ |
| जम्मा | ६४६८१ |

## ६. लिखित परीक्षा सञ्चालन

यस त्रैमासिक अवधिमा लिखित परीक्षाको सञ्चालन भएको विज्ञापन संख्या यस प्रकार रहेको छ।

| श्रेणी/तह | लिखित परीक्षा सम्पन्न भएको विज्ञापन संख्या | |
|---|---|---|
| | अप्राविधिक | प्राविधिक |
| रा.प.प्रथम श्रेणी, सहसचिव वा सो सरह, इञ्जि., कृषि, वन सेवा | - | १० |
| श्रेणीविहीन | - | १४७ |
| जम्मा | - | १५७ |

माथि उल्लेखित विज्ञापनका लागि सञ्चालित लिखित परीक्षामा श्रेणी/तह आधारमा लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या सम्बन्धी विवरण यस प्रकार रहेको छ।

| श्रेणी/तह | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | जम्मा |
|---|---|---|---|
| | महिला | पुरुष | |
| रा.प.प्रथम | १२ | १६० | १७२ |
| श्रेणीविहीन | ४१४२ | २१२१८ | २५३६० |
| जम्मा | ४१५४ | २१३७८ | २५५३२ |

क्षेत्रीय निर्देशनालय तथा अञ्चल कार्यालयमा संचालन भएको लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या सम्बन्धी विवरण यस प्रकार रहेको छ।

| निर्देशनालय/कार्यालय | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | जम्मा |
|---|---|---|---|
| | महिला | पुरुष | |
| पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | ७७० | ११९८ | १९६८ |
| मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं | ४०१ | १०९१ | १४९२ |
| पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | ७२ | ३८१ | ४५३ |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | ९१२ | ६३०१ | ७२१३ |
| सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | १५८ | १५९६ | १७५४ |

| निर्देशनालय/कार्यालय | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | जम्मा |
|---|---|---|---|
| | महिला | पुरुष | |
| मेची अञ्चल कार्यालय, इलाम | ८५ | ४०१ | ४८६ |
| सगरमाथा अञ्चल कार्यालय, खोटाङ | ९० | ९६९ | १०५९ |
| जनकपुर अञ्चल कार्यालय, जलेश्वर | ७४ | १४४७ | १५२१ |
| नारायणी अञ्चल कार्यालय, हेटौंडा | ६५९ | १४०६ | २०६५ |
| लुम्बिनी अञ्चल कार्यालय, बुटवल | १७८ | १११३ | १२९१ |
| धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ | ८३ | ६६६ | ७४९ |
| राप्ती अञ्चल कार्यालय, दाङ | ८६ | ५८२ | ६६८ |
| कर्णाली अञ्चल कार्यालय, जुम्ला | ७८ | ७२९ | ८०७ |
| महाकाली अञ्चल कार्यालय, महेन्द्रनगर | ४९६ | ३३३८ | ३८३४ |
| जम्मा | ४१४२ | २१२१८ | २५३६० |

### उत्तरपुस्तिका परीक्षण सम्बन्धी निर्णय

आयोगको मिति २०७४/७/२८ गतेको बैठकबाट प्राविधिक सेवा तर्फ रा.प.प्रथम र द्वितीय श्रेणीका तथा नेपाल स्वास्थ्य सेवा तर्फका एघारौं र नवौं तहका पदहरुको लिखित प्रतियोगितात्मक परीक्षाका उत्तरपुस्तिकाहरुको दोहोरो परीक्षण गराउने निर्णय भएको छ।

## ७. अन्तर्वार्ता तथा सिफारिस

### अन्तर्वार्ताको लागि छनौट

यस अवधिमा अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारकोश्रेणी/तह अनुसारको संख्या यस प्रकार रहेको छ।

| श्रेणी/तह | अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| रा.प.प्रथम | १ | २ | ३ |
| रा.प.तृतीय | २५० | ४७० | ७२० |
| रा.प.अनं.प्रथम | ११५१ | २७२८ | ३८७९ |
| रा.प.अनं.द्वितीय | २४२१ | ४३१२ | ६७३३ |
| जम्मा | ३८२३ | ७५१२ | ११३३५ |

### सिफारिस सम्बन्धी विवरण

छनौट भएका उम्मेदवारको अन्तर्वार्ता समेतका आधारमा देहाय अनुसार उम्मेदवार सिफारिस भएका छन्।

| श्रेणी/तह | सिफारिस भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| रा.प.प्रथम | ० | ० | ० |
| रा.प.द्वितीय | ० | ० | ० |
| रा.प.तृतीय | १०१ | ३५४ | ४५५ |
| रा.प.अनं.प्रथम | ३३१ | ४९७ | ८२८ |
| रा.प.अनं.द्वितीय | ३५ | १३ | ४८ |
| श्रेणीविहीन | ० | ० | ० |
| जम्मा | ४६७ | ८६४ | १३३१ |

## विज्ञापन देखि सिफारिससम्मको विस्तृत विवरण

यस त्रैमासिक अवधिमा विज्ञापन देखि सिफारिस सम्मको श्रेणी/तह अनुसारको संख्यात्मक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| श्रेणी/तह | विज्ञापित पद संख्या | | संकलन भएको दरखास्त संख्या | | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | | अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवार संख्या | | | सिफारिस भएका उम्मेदवार संख्या | | | वैकल्पिक सिफारिस भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अप्रा. | प्रा. | अप्रा. | प्रा. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| रा.प.प्रथम | ० | ० | ० | ० | १२ | १६० | १७२ | १ | २ | ३ | ० | ० | ० | ० | ० | ० |
| रा.प.द्वितीय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| रा.प.तृतीय | ५३५ | ० | ० | ० | ० | ० | ० | २५० | ४७० | ७२० | १०१ | ३५४ | ४५५ | ० | ० | ० |
| रा.प.अनं.प्रथम | ७७७ | ६९० | ० | ० | ० | ० | ० | ११५१ | २७२८ | ३८७९ | ३३१ | ४९७ | ८२८ | १ | १ | २ |
| रा.प.अनं.द्वितीय | ० | ० | ० | ० | ० | ० | ० | २४२१ | ४३१२ | ६७३३ | ३५ | १३ | ४८ | २ | ३ | ५ |
| श्रेणीविहिन | ० | ० | ० | ० | ४१४२ | २१२१८ | २५३६० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | १३१२ | ६९० | ० | ० | ४१५४ | २१३७८ | २५५३२ | ३८२३ | ७५१२ | ११३३५ | ४६७ | ८६४ | १३३१ | ३ | ४ | ७ |

## ८. सुरक्षा निकाय तथा संगठित संस्थातर्फ

### पदपूर्तिका लागि सहमति प्रदान गरिएका पदहरुको विवरण

यस त्रैमासिक अवधिमा सुरक्षा निकाय र संगठित संस्थाका देहाय अनुसारका विभिन्न पदका लागि विज्ञापन प्रकाशन गर्न सहमति प्रदान गरिएका निकायहरु यस प्रकार रहेका छन्।

| क्र. सं. | सुरक्षा निकाय तथा संगठित संस्थाको नाम | सहमती प्रदान गरिएका जम्मा पद | | तहगत वर्गीकरण | | |
|---|---|---|---|---|---|---|
| | | बढुवाबाट पूर्ति हुने | लिखित परीक्षाबाट पूर्ति हुने | अधिकृतस्तर | सहायकस्तर | श्रेणीविहीन |
| १. | औधोगिक क्षेत्र व्यवस्थापन लिमिटेड | १७ | २९ | १५ | ३१ | |
| २. | नेपाल विद्युत प्राधिकरण | ४२५ | १७० | १५० | ३५१ | ९४ |
| ३. | नेपाल नागरिक उड्यन प्राधिकरण | ११६ | १५४ | २२२ | ४८ | |
| ४. | हेटौंडा सिमेन्ट उद्योग | १७ | १०७ | ९४ | ३० | |
| ५. | नेपाली सेना | | | १५० | १६४ | |
| ६. | नेपाल राष्ट्र बैंक | ६७ | १९२ | १०९ | १५० | |
| जम्मा | | ६४२ | ६५२ | ७४० | ७७४ | ९४ |

### लिखित परीक्षामा सम्मिलित परीक्षार्थीको विवरण

यस त्रैमासिक अवधिमा आयोगबाट विभिन्न १५ निकायका विभिन्न पदहरुको लिखित परीक्षा सञ्चालन भएको छ। उक्त परीक्षाहरुमा सम्मिलित परीक्षार्थीको निकायगत विवरण तल तालिकामा उल्लेख गरिएको छ।

| क्र.सं. | सुरक्षा निकाय तथा संगठित संस्थाको नाम | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १. | उदयपुर सिमेन्ट उद्योग लिमिटेड | ३२ | २२२ | २५४ |
| २. | नेपाल प्रज्ञा प्रतिष्ठान | ७३ | ४९ | १२२ |
| ३. | रेडियो प्रसार सेवा विकास समिति | २८४ | ६६२ | ९४६ |
| ४. | नेपाल प्रहरी | ४८८ | २३१३ | २८०१ |
| ५. | नेपाल नागरिक उड्यन प्राधिकरण | ४७९ | ८७९ | १३५८ |
| ६. | नेपाल टेलिकम | ९०३ | २७०३ | ३६०६ |
| ७. | नेपाली सेना | १६६ | ११७० | १३३६ |
| ८. | शहीद गंगालाल हृदय केन्द्र | १३८ | २९९ | ४३७ |
| ९. | निक्षेप तथा कर्जा सुरक्षण कोष | ५९ | ७२ | १३१ |
| १०. | राष्ट्रिय बीमा संस्थान | १५६ | ४५३ | ८०९ |

| क्र.सं. | सुरक्षा निकाय तथा संगठित संस्थाको नाम | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| ११. | कृषि सामग्री कम्पनी लिमिटेड | १८७ | २४८ | ४३५ |
| १२. | नागरिक लगानी कोष | २८१ | ४४७ | ७२८ |
| १३. | कृषि विकास बैंक लिमिटेड | ८२ | ११२ | १९४ |
| १४. | प्राविधिक शिक्षा तथा व्यवासायिक तालिम परिषद् | ५७ | ९५ | १५२ |
| १५. | नेपाल टेलिभिजन | ७३ | १५० | २२३ |
| जम्मा | | ३६५८ | ९८७४ | १३५३२ |

## लिखित परीक्षाको नतिजा सम्बन्धी विवरण

संचालित लिखित परीक्षाहरुबाट देहायको संख्यामा उम्मेदवारहरु छनौट भएका थए । जसको विस्तृत विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | सुरक्षा निकाय तथा संगठित संस्थाको नाम | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १. | नेपाल वायु सेवा निगम | ३७ | १५६ | १९३ |
| २. | नेपाल कृषि अनुसन्धान परिषद | १९ | २२ | ४१ |
| ३. | घरेलु तथा साना उद्योग विकास समिति | ४ | १७ | २१ |
| ४. | नेपाल विद्युत प्राधिकरण | १६ | ९५ | १११ |
| ५. | व्यापार तथा निकासी प्रबन्ध बोर्ड | ० | ८ | ८ |
| ६. | कर्मचारी सञ्चयकोष | १८ | २४ | ४२ |
| ७. | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड | ११ | ३० | ४१ |
| ८. | कृषि विकास बैंक | २६ | ३२ | ५८ |
| ९. | राष्ट्रिय वाणिज्य बैंक | ७७ | २६३ | ३४० |
| १०. | नेपाल प्रज्ञा प्रतिष्ठान | ४ | १८ | २२ |
| ११. | नेपाल नागरिक उड्डयन प्राधिकरण | १ | १९ | २० |
| १२. | नेपाल बैंक लिमिटेड | ८३ | ११० | १९३ |
| १३. | राष्ट्रिय अनुसन्धान विभाग | ९ | ३४ | ४३ |
| १४. | शहीद गंगालाल हृदय केन्द्र | २५ | २५ | ५० |
| जम्मा | | ३३० | ८५३ | ११८३ |

## श्रेणी/तहगत आधारमा लिखित परीक्षाबाट छनौट भएका परीक्षार्थी

| श्रेणी/तह | संख्या |
|---|---|
| दशौं | ८ |
| नवौं | ६४ |
| आठौं | ७५ |
| सातौं | ९६ |
| छैठौं | २०८ |
| पाँचौं | १७५ |
| चौथो | २९१ |
| तेस्रो | ११ |
| जम्मा | ९२८ |

| श्रेणी/तह | संख्या |
|---|---|
| रा.प.द्वितीय | ३५ |
| रा.प.तृतीय | १४५ |
| रा.प.अनं. प्रथम | ४ |
| श्रेणीविहीन | ७१ |
| जम्मा | २५५ |

## ९. विभागीय सजाय/परामर्श

### सामान्य सजाय

विभागीय सजायका लागि विभिन्न निकायबाट सामान्य सजाय सम्बन्धी परामर्श माग भै आएकोमा आयोगबाट देहाय अनुसार निर्णयहरु भएका छन् ।

| क्र.सं. | निर्णय मिति | कारबाहीको परामर्श दिइएको व्यक्तिको नाम र पद | आयोगबाट भएको निर्णय |
|---|---|---|---|
| १. | २०७४-०७-१६ | देवराज शर्मा, नायब सुब्बा | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| २. | २०७४-०७-१६ | तिलराज खत्री, नायब सुब्बा | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| ३. | २०७४-०७-१६ | मदी बस्नेत, खरिदार | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| ४. | २०७४-०७-१६ | कृष्ण प्रसाद भुसाल, उपसचिव | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| ५. | २०७४-०७-१६ | पुष्पराज पौडेल, शाखा अधिकृत | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| ६. | २०७४-०७-१६ | देव बहादुर थापा (सारु), शाखा अधिकृत | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| ७. | २०७४-०७-१६ | विजय अधिकारी, मेकानिकल इन्जिनियर | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| ८. | २०७४-०७-१६ | अर्जुन बहादुर मल्ल, नायब सुब्बा | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| ९. | २०७४-०७-१६ | ज्ञानेन्द्र जङ्ग शाह, नायब सुब्बा | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| १०. | २०७४-०७-१६ | सुरज श्रेष्ठ, नायब सुब्बा | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| ११. | २०७४-०७-१६ | डम्मरसिं कुँवर, नायब सुब्बा | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| १२. | २०७४-०७-१६ | गुरुप्रसाद शर्मा, नायब सुब्बा | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| १३. | २०७४-०७-१६ | कुलप्रसाद श्रेष्ठ, नायब सुब्बा | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| १४. | २०७४-०७-१६ | बाबुराम सुवेदी, नायब सुब्बा | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| १५. | २०७४-०७-१६ | वसन्त जोशी, खरिदार | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| १६. | २०७४-०७-१६ | बद्री कार्की, मेकानिक्स | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| १७. | २०७४-०७-१६ | विष्णुप्रसाद पन्त, खरिदार | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| १८. | २०७४-०८-२८ | दिनेश कुमार नापित, सिनियर डिभिजन जियोलोजिष्ट | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| १९. | २०७४-०८-२८ | रुपक कुमार खडका, सिनियर डिभिजन माइनिङ्ग इन्जिनियर | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| २०. | २०७४-०८-२८ | रामानन्द प्रसाद चौधरी, माइनिङ्ग इन्जिनियर | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| २१. | २०७४-०८-२८ | जानकी काफ्ले, नायब सुब्बा | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| २२. | २०७४-०८-२८ | रामचन्द्र सुवेदी, सहायक वन अधिकृत | दुई (२) वर्ष बढुवा रोक्का गर्ने विभागीय सजाय गर्न परामर्श दिने । |
| २३. | २०७४-०८-२८ | डा. फारुक अहमद मिकरानी, कन्सल्टेण्ट डर्माटोलोजिष्ट | दुई (२) वर्ष बढुवा रोक्का गर्ने विभागीय सजाय गर्न परामर्श दिने । |
| २४. | २०७४-०९-२० | दुर्गा प्रसाद दाहाल, नायब सुब्बा | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| २५. | २०७४-०९-२० | दुर्गा बहादुर बोहोरा, खरिदार | नसिहत दिने विभागीय सजाय गर्न परामर्श दिने । |
| २६. | २०७४-०९-२० | रामनारायण यादव, सहायक वन अधिकृत | दुई (२) वर्ष बढुवा रोक्का गर्ने विभागीय सजाय गर्न परामर्श दिने । |
| २७. | २०७४-०९-२० | सच्चिदानन्द सिंह, सहायक वन अधिकृत | दुई (२) वर्ष बढुवा रोक्का गर्ने विभागीय सजाय गर्न परामर्श दिने । |
| २८. | २०७४-०९-२० | राम गणेश साह, सहायक वन अधिकृत | दुई (२) वर्ष बढुवा रोक्का गर्ने विभागीय सजाय गर्न परामर्श दिने । |
| २९. | २०७४-०९-२० | मोतिप्रसाद अर्याल, वन रक्षक | दुई (२) वर्ष बढुवा रोक्का गर्ने विभागीय सजाय गर्न परामर्श दिने । |
| ३०. | २०७४-०९-२० | देव प्रसाद चपाई, वन रक्षक | दुई (२) वर्ष बढुवा रोक्का गर्ने विभागीय सजाय गर्न परामर्श दिने । |

उपर्युक्त निर्णयको वर्गीकृत सारांश देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | सामान्य सजायको प्रकार | कारवाही गरिएको व्यक्तिको संख्या |
|---|---|---|
| १. | नसिहत | २३ |
| २. | बढुवा रोक्का | २ |
| ३. | तलब वृद्धि रोक्का | ५ |
| जम्मा | | ३० |

## विशेष सजाय

कर्मचारीहरुलाई सेवाबाट हटाउने तथा सेवाबाट वर्खास्त गर्ने सम्बन्धमा विभिन्न निकायबाट परामर्श माग भै आएकोमा आयोगबाट देहाय बमोजिम निर्णयहरु भएका छन् ।

| क्र.सं. | निर्णय मिति | कारबाहीको परामर्श दिइएको व्यक्तिको नाम र पद | आयोगबाट भएको निर्णय |
|---|---|---|---|
| १. | २०७४-०७-१६ | योग नाथ अर्याल, इन्जिनियर | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गर्न परामर्श दिने । |
| २. | २०७४-०७-१६ | युवकलाल कर्माचार्य, भू-सरक्षण अधिकृत | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गर्न परामर्श दिने । |
| ३. | २०७४-०७-१६ | योगेन्द्र श्रेष्ठ, इन्जिनियर | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गर्न परामर्श दिने । |
| ४. | २०७४-०७-१६ | जुमकाजी गुरुङ्ग, जनस्वास्थ्य निरीक्षक | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गर्न परामर्श दिने । |
| ५. | २०७४-०७-२३ | सविता पौडेल, सहायक तालिम अधिकृत | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गर्न परामर्श दिने । |
| ६. | २०७४-०७-२३ | अनिल प्रजापती, मेकानिकल इन्जिनियर | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गर्न परामर्श दिने । |
| ७. | २०७४-०७-२३ | अनिता प्रधान, बाली विकास अधिकृत | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गर्न परामर्श दिने । |
| ८. | २०७४-०७-२३ | अर्जुन थापा, कृषि इन्जिनियर | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गर्न परामर्श दिने । |
| ९. | २०७४-०७-२३ | झलेन्द्र प्रसाद रिजाल, बाली संरक्षण अधिकृत | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गर्न परामर्श दिने । |
| १०. | २०७४-०७-२३ | आयुस्का  ओझा, कृषि प्रसार अधिकृत | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गर्न परामर्श दिने । |
| ११. | २०७४-०७-२३ | तिर्थराज ढकाल, कृषि प्रसार अधिकृत | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गर्न परामर्श दिने । |
| १२. | २०७४-०७-२३ | अनुज चिलवाल, योजना अधिकृत | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गर्न परामर्श दिने । |
| १३. | २०७४-०७-३० | अनिल कुमार चौधरी, हे.अ.(पाँचौं तह) | भविष्यमा स्वास्थ्य सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गर्न परामर्श दिने । |
| १४. | २०७४-०८-२८ | प्रकाश तिमिल्सिना, मेकानिकल इन्जिनियर | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गर्न परामर्श दिने । |
| १५. | २०७४-०८-२८ | विष्णुमाया पौडेल, सब-इन्जिनियर | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गर्न परामर्श दिने । |
| १६. | २०७४-०९-२० | ईश्वरकुमार श्रेष्ठ, सहायक भू-संरक्षण अधिकृत | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गर्न परामर्श दिने । |

विशेष सजाय सम्बन्धी परामर्शको वर्गीकृत सारांश तालिका

| क्र.सं. | विशेष सजायको प्रकार | कारबाही गरिएको व्यक्तिको संख्या |
|---|---|---|
| १. | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरि सेवाबाट हटाउने | १५ |
| २. | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरि सेवाबाट हटाउने | १ |

विभागीय सजायका लागि प्रदान गरिएको लैङ्गिक र तहगत वर्गीकरणः

| क्र.सं. | श्रेणी/तह | सामान्य सजाय | | विशेष सजाय | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | |
| १. | रा.प.द्वितीय | – | ३ | – | – | ३ |
| २. | नवौं तह | – | १ | – | – | १ |
| ३. | रा.प.तृतीय | – | ८ | ३ | १० | २१ |
| ४. | छैठौं तह | – | – | – | १ | १ |
| ५. | रा.प.अनं.प्रथम | १ | १० | १ | – | १२ |
| ६. | पाँचौ तह | – | – | – | १ | १ |
| ७. | रा.प.अनं.द्वितीय | – | ४ | – | – | ५ |
| ८. | श्रेणीविहीन | – | २ | – | – | २ |
| जम्मा | | १ | २९ | ४ | १२ | ४६ |

## परामर्श सम्बन्धी विवरण

यस त्रैमासिक अवधिमा आयोगबाट कर्मचारी सेवा शर्त सम्बन्धी कानून लगायतका विषयमा प्रदान गरिएका परामर्शहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | निर्णय मिति | आयोगबाट प्रदान गरिएको परामर्श |
|---|---|---|
| कर्मचारी सेवा शर्त सम्बन्धी कानून | | |
| १. | २०७४-०७-१६ | सैनिक प्राड सेवा नियमावली, २०७४, सैनिक हवाई सेवा नियमावली, २०७४, र सैनिक विविध सेवा नियमावली,२०७४ को मस्यौदामा उल्लेख भएबमोजिम हुने गरी परामर्श दिइएको । |
| २. | २०७४-०७-२३ | व्यवस्थापिका संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को संशोधन मस्यौदामा परामर्श प्रदान गरिएको । |
| ३. | २०७४-०८-२८ | राष्ट्रिय विमा कम्पनी लिमिटेडको कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०७४ को मस्यौदामा परामर्श प्रदान गरिएको । |
| ४. | २०७४-०८-२८ | मानव अधिकार सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरुको व्यवस्था गर्ने सम्बन्धी विधेयक “मानव अधिकार सेवा ऐन, २०७३”को मस्यौदामा परामर्श प्रदान गरिएको । |
| ५. | २०७४-०८-२८ | नेपाल आयल निगम लिमिटेड कर्मचारी प्रशासन (छब्बीसौं संशोधन) विनियमावली, २०७४ को प्रस्तावित मस्यौदामा परामर्श प्रदान गरिएको । |
| ६. | २०७४-०८-२८ | राष्ट्रिय प्रशारण ग्रिड कम्पनी लिमिटेडको कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली संशोधन गर्न प्रस्तावित मस्यौदामा परामर्श प्रदान गरिएको । |
| ७. | २०७४-०९-०६ | नगर विकास कोषको कर्मचारी सेवा शर्त विनियमावली, २०७४ को प्रस्तावित मस्यौदामा परामर्श प्रदान गरिएको । |
| ८. | २०७४-०९-२० | कानून किताब व्यवस्था समितिका कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी (दशौं संशोधन) विनियमावली, २०७४ को मस्यौदामा परामर्श प्रदान गरिएको । |
| विविध विषयमा परामर्श | | |
| १. | २०७४-०७-२३ | प्रशासकिय अदालत ऐन, २०७४ को प्रस्तावित मस्यौदा उपर परामर्श प्रदान गरिएको । |
| २. | २०७४-०९-०६ | नेपाल इञ्जिनियरिङ्ग सेवा, सर्भे समूह अन्तर्गत रहेका विभिन्न श्रेणीका पदहरुको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता परिमार्जनका लागि छुट्टै केही गर्नु नपर्ने परामर्श पठाउने । |

## १०. परीक्षामा अनियमितता गर्ने उपर आयोगबाट गरिएको कारबाही

**तपसिलका परीक्षा केन्द्रबाट सम्मिलित भएका देहाय अनुसारका उम्मेदवारहरुले लोक सेवा आयोग ऐन, २०६६ र आयोगको (कार्यसञ्चालन) निर्देशिका, २०६७ अनुसार परीक्षामा अनियमितता गरेको पाइएकोले देहाय बमोजिम कारबाही गर्ने गरी आयोगबाट निर्णय भएको छ ।**

| क्र.सं. | विज्ञापन नं | रोल नं | परीक्षा केन्द्र | उम्मेदवारको नाम र ठेगाना | बुबा/आमाको नाम | बाजेको नाम | परीक्षा मिति | अनियमित कार्यको विवरण | कारबाहीको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ८०१-८०४/०७३-७४ ८०१-८०४/०७३-७४ | ३९२१०५, ३९३०७५ | | धनवहादुर शाही | | | २०७४-०६-२५ | नक्कली परीक्षार्थी खडा गरेको | | |
| २. | ८०१-८०४/०७३-७४ ८०१-८०४/०७३-७४ | ३७१४४३ | मध्यपश्चिम क्षेत्रीयप्रहरी तालिम केन्द्र, नेपालगञ्ज | विश्वराज गिरी | | | २०७४-०६-२४ | रुख चढ्ने प्रतियोगिता असफल भएर पौडीमा सामेल भएको | निजहरुको परीक्षा रद्द गरी निजहरुलाई आयोगबाट लिइने कुनै पनि परीक्षामा निर्णय मिति देखि ३ (तीन) वर्ष सम्म सहभागी हुन नपाउने गरी निलम्बन गर्ने | |
| ३. | ८०१-८०४/०७३-७४ ८०१-८०४/०७३-७४ | ३९४०८६ | | धीरज बुढा | | | २०७४-०६-२५ | नक्कली परीक्षार्थी खडा गरेको | | |
| ४. | ४०४-४१३/०७३-७४ | १७११२७ | लो.से.आ., नारायणी अञ्चलकार्यालय, हेटौडा | उदयराज भण्डारी | | | २०७४-७-१२/१३ | आफ्नो प्रवेशपत्रमा अन्य व्यक्तिको फोटो राखी परीक्षामा सहभागी गराएको | निजको गेम स्काउट पदको परीक्षा रद्द गरी निजलाई आयोगबाट लिइने कुनै पनि परीक्षामा निर्णय मिति देखि ३ (तीन) वर्ष सम्म सहभागी हुन नपाउने गरी निलम्बन गर्ने | |
| ५. | ०७४-७५/१३ | ३५७६ | आर्शीवादकलेज, सामाखुशी | रुपेश भट्टराई, सामाखुखी | लेखनाथ/टिका | दिनानाथ | २०७४-०८-०३ | गणित विषयको उत्तरपुस्तिका निरीक्षकलाई नबुझाई आफै लिई गएको | निजको परीक्षारद्द गरी निजलाई २ (दुई) वर्ष सम्म आयोगबाट संचालन हुने कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने | |
| ६. | २४/०७४-७५ | ६०४ | वानेश्वर बहुमुखी क्याम्पस, शान्तिनगर | सक्षम बराल, मासनाट-७, पोखरा | शम्भुदेव/रेखा | वासुदेव | २०७४-०७-२७ | मोबाइलबाट चिट चोरी गरेको | निजको परीक्षा रद्द गरी निजलाई २ (दुई) वर्ष सम्म आयोगबाट संचालन हुने कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने | नेपालप्रहरी |
| ७. | १८/०७४-७५ | १०२ | वानेश्वर बहुमुखी क्याम्पस, शान्तिनगर | सुनिल चौधरी, खैरहनी-६, चितवन | गडत/दुर्पती | शुकराम | २०७४-०७-२५ | वस्तुगत उत्तरपुस्तिका लिई गएको र पछि कार्यालयमा ल्याएर बुझाएको | निजको परीक्षा रद्द गरी निजलाई २ (दुई) वर्ष सम्म आयोगबाट संचालन हुने कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने | |
| ८. | ०१/०७४-७५ | ६५९२ | पशुपति बहुमुखी क्याम्पस, चावहिल | विमल अधिकारी, धुसेनी, लमजुङ | दिपबहादुर/प्याउली | खड्कबहादुर | २०७४-०७-२७ | मोबाइलबाट चिट चोरी गरेको | निजको परीक्षा रद्द गरी निजलाई २ (दुई) वर्ष सम्म आयोगबाट संचालन हुने कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने | |
| ९. | ०१/०७४-७५ | ५२८१ | आर्शीवाद कलेज, सामाखुशी | रविनकुमार खड्का नाम्दु-६, दोलखा | दुर्गाबहादुर/ हर्ककुमारी | वीरबहादुर | २०७४-०७-२५ | मोबाइलबाट चिट चोरी गरेको | निजको परीक्षा रद्द गरी निजलाई २ (दुई) वर्ष सम्म आयोगबाट संचालन हुने कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने | |
| १०. | ०१/०७४-७५ | ५८०६ | न्यू मिलिनियम कलेज | उद्धव अधिकारी शेलु-१, रामेछाप | नेत्रध्वज/मनमाया | नरसिंहध्वज | २०७४-०७-२५ | फिर्ता गर्नु पर्ने प्रश्नपत्र फिर्ता नगरेको | निजको परीक्षा रद्द गरिएको | |

| क्र.सं. | विज्ञापन नं | रोल नं | परीक्षा केन्द्र | उम्मेदवारको नाम र ठेगाना | बुबा/आमाको नाम | बाजेको नाम | परीक्षा मिति | अनियमित कार्यको विवरण | कारबाहीको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११. | ०१/०७४-७५ | ६४१७ | पशुपति बहुमुखी क्याम्पस, चावहिल | आश्रा कुँवर भैसेपाटी, ललितपुर | विरेन्द्र/आभा | धनबहादुर | २०७४-०७-२४ | चिट चोरी गरेको | निजको परीक्षा रद्द गरी निजलाई २ (दुई) वर्ष सम्म आयोगबाट संचालन हुने कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने | |
| १२. | ०१/०७४-७५ | ६५२६ | पशुपति बहुमुखी क्याम्पस, चावहिल | सुभाषकुमार यादव फुलकाहाकट्टी -९, सिरहा | चन्द्रदेव/ धन्मनती देवी | बालदेव | २०७४-०७-२७ | मोबाइलबाट चिट चोरी गरेको | निजको परीक्षा रद्द गरी निजलाई २ (दुई) वर्ष सम्म आयोगबाट संचालन हुने कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने | |
| १३. | ७०१-७१४/०७३-७४ | ३६८६१८ र३६८४०८ | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशानालय, सुर्खेत | संगीता शाही भगवतीमाई -५, दैलेख | विष्णुप्रसाद | बालाराम | २०७४-०६-२९ | नक्कली परीक्षार्थी खडा गरी परीक्षामा सहभागी हुन आएको | निजको परीक्षा रद्द गरी निजलाई ३ (तीन) वर्ष सम्म आयोगबाट संचालन हुने कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने | वन रक्षक र गेम स्काउट पदमा |
| १४. | ७०१-७१४/०७३-७४ | ३६६५८५ | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशानालय, सुर्खेत | सविता चौधरी बाँसगढी-४, वर्दिया | करै | परशुराम | २०७४-०६-२९ | नक्कली परीक्षार्थी खडा गरी परीक्षामा सहभागीहुनआए को | निजको परीक्षा रद्द गरी निजलाई ३ (तीन) वर्ष सम्म आयोगबाट संचालन हुने कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने | |
| १५. | | ३०२३ | | जयप्रकाश यादव लोहजारा, सप्तरी | महेन्द्र/उर्मिलादेवी | गुल्टेन | | चिट फेला परेको | निजको परीक्षा रद्द गरी लोक सेवा आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा २ वर्ष सम्म सहभागी हुन नपाउने | नेपाल प्रहरी, प्रहरी सहायक निरीक्षक |
| १६. | | २०९१ | | रंजितकुमार यादव पकरी-१, सप्तरी | गंगाप्रसाद/रेखा | तप्सी | | चिट फेला परेको | निजको परीक्षा रद्द गरी लोक सेवा आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा २ वर्ष सम्म सहभागी हुन नपाउने | नेपाल प्रहरी, प्रहरी सहायक निरीक्षक |
| १७. | | २०५८ | | विजयकुमार यादव जगतपुर-६, | हरिलाल/जसोदेवी | ठिठर | | चिट फेला परेको | निजको परीक्षा रद्द गरी लोक सेवा आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा २ वर्ष सम्म सहभागी हुन नपाउने | नेपाल प्रहरी, प्रहरी सहायक निरीक्षक |
| १८. | | १३१८९ | | सुरेश विक्रम शाही | भरत/विष्णुमाया | तिलक | | मोबाइल फोनमा चिट हेरिरहेको अवस्थामा फेला परेको | निजको परीक्षा रद्द गरी लोक सेवा आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा २ वर्ष सम्म सहभागी हुन नपाउने | नेपाल प्रहरी, प्रहरी सहायक निरीक्षक |
| १९. | | २८६६९ | | प्रेनिशा तामाङ (घिसिङ) रामेछाप | राजबहादुर/राधे | पूर्णबहादुर | | चिट फेला परेको | निजको परीक्षा रद्द गरी लोक सेवा आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा २ वर्ष सम्म सहभागी हुन नपाउने | नेपाल प्रहरी, प्रहरी सहायक निरीक्षक |

**परीक्षामा अनियमितता गर्ने उम्मेदवारको लैङ्गिक तथ्याङ्क यस प्रकार रहेको छ।**

| लिङ्ग | संख्या |
|---|---|
| महिला | ४ |
| पुरुष | १५ |
| जम्मा | १९ |

## ११. कर्मचारी व्यवस्थापन

(१) सरुवा

(क) अन्य निकायबाट आयोग वा अन्तर्गत सरुवा तथा पदस्थापना

| क्र.सं. | पद | कर्मचारीको नाम थर | सरुवा गर्ने निकाय | पदस्थापना गरिएको कार्यालय | सरुवा निर्णय मिति | आयोगमा पदस्थापना भएको मिति |
|---|---|---|---|---|---|---|
| १. | उपसचिव | डिल्लीराज पोखरल | सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर | २०७४/०६/२७ | २०७४/०७/१५ |
| २. | शाखा अधिकृत | लोक प्रसाद रेग्मी | सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर | २०७४/०६/२९ | २०७४/०७/१५ |
| ३. | शाखा अधिकृत | तिलक कार्की | सामान्य प्रशासन मन्त्रालय | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं | २०७४/०६/२९ | २०७४/०७/१५ |
| ४. | शाखा अधिकृत | निमराज भट्टराई | सामान्य प्रशासन मन्त्रालय | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | २०७४/०६/२९ | २०७४/०७/१५ |
| ५. | कम्प्युटर अपरेटर | शरद पुरी | सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर | २०७४/०५/१४ | २०७४/०७/२३ |

(ख) आयोगबाट आयोग अन्तर्गत सरुवा तथा पदस्थापना

| क्र.सं. | पद | कर्मचारीको नाम थर र पद | साविक कार्यरत निकाय | पदस्थापनागरिएको निकाय | सरुवा निर्णय मिति | कैफियत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | उपसचिव | सूर्यनाथ कोइराला | सगरमाथा अंचल कार्यालय, खोटाङ | लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर | २०७४/०९/३० | २०७४/०९/३० | काज |
| २. | उपसचिव | तेज प्रसाद दाहाल | लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर | सगरमाथा अंचल कार्यालय, खोटाङ | २०७४/०९/३० | २०७४/०९/३० | काज |
| ३. | उपसचिव | अनिलराज शर्मा | लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | २०७४/०७/२३ | २०७४/०७/२३ | काज |

(ग) आयोगबाट अन्यत्र निकायमा सरुवा सम्बन्धी विवरण

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा भएकोनिकाय | निर्णय मिति | रमाना मिति |
|---|---|---|---|---|---|
| १. | सचिव | मधु प्रसाद रेग्मी | शिक्षा मन्त्रालय | २०७४/०७/०६ | २०७४/०७/०८ |

(२) अनिवार्य अवकाश

| क्र.सं. | पद | श्रेणी | कर्मचारीको नाम, थर | अवकाश मिति |
|---|---|---|---|---|
| १. | उपसचिव | रा.प. द्वितीय | देवी प्रसाद वगाले | २०७४/०७/२४ |
| २. | उपसचिव | रा.प. द्वितीय | रेणु श्रेष्ठ | २०७४/०७/१० |

(३) तालिम/सेमिनार/गोष्ठी

| क्र.सं. | पद | नाम थर | तालिम र सेमिनाको विषय | भ्रमण भएको मुलुक र तालिम दिने संस्था | तालिम र सेमिनाको अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| १. | नायब सुब्बा | श्री वासुप्रसाद न्यौपाने | सेवाकालिन | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | २०७४/०८/२५ | २०७४/०९/२७ |
| २. | नायब सुब्बा | श्री श्रीप्रसाद पौडेल | सेवाकालिन | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | २०७४/०८/२५ | २०७४/०९/२७ |
| ३. | कम्प्युटर अपरेटर | श्री मनोज न्यौपाने | सेवाकालिन | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | २०७४/०८/२५ | २०७४/०९/२७ |


## १२. बजेट खर्च

२०७४ कार्तिक देखि २०७४ पुष मसान्त सम्मको त्रैमासिक अवधिमा भएको खर्चको अवस्था यस प्रकार रहेको छ ।

| क्र.सं. | बजेट उपशीर्षक नं. | २०७४ कार्तिक देखि २०७४ पुष मसान्त सम्मको खर्च | रकम (रु.) |
|---|---|---|---|
| (क) संस्थागत सुदृढीकरण | | | |
| | २१०१०१३ | चालु खर्च | २७,०४,५६९.०० |
| | २१०१०१४ | पुँजीगत खर्च | ३०,४५,५३५.०० |
| (ख) चालु खर्च | | | |
| | २१००११३ | विविध खर्च | ६,७४,७२,७२८.०० |
| | २१००११३ | अन्य प्रशासनिक खर्च | २,६१,२७,२०७.४० |
| कूल जम्मा खर्च (क+ख) | | | ९,९३,५०,०३९.४० |

नोट : अर्थ बजेट समावेश नगरिएको ।

## अन्तर्वार्ता



**विगतमा लोक सेवा आयोग अन्तर्गत विभिन्न पदमा रही अनुभव हासिल गरिसक्नुभएका तथा हालै लोक सेवा आयोगमा सरुवा भई आउनु भएका सचिव श्री महेन्द्रप्रसाद गुरागाईंज्यूसँग समसामयिक विषयमा गरिएको अन्तर्वार्ता :**

**१) नेपाल सरकारको निर्णय अनुसार सरुवा भई मिति २०७४/७/२२ देखि यस आयोगको सचिवको जिम्मेवारी ग्रहण गर्नु भएकोमा बधाई एवं स्वागत छ । विगतमा आयोगका विभिन्न पदहरुमा समेत यहाँले कार्य सम्पादन गरिसक्नु भएको सन्दर्भमा सचिवालय प्रमुखको जिम्मेवार वहन गर्ने अवसर पाउँदा कस्तो अनुभूती भएको छ ?**

नेपाल सरकारको मिति २०७४/७/२० को निर्णयानुसार मलाई क्षेत्रीय प्रशासक (मध्य पश्चिमाञ्चल क्षेत्र) बाट लोक सेवा आयोगको सचिव पदमा सरुवा भई मिति २०७४/७/२२ गते देखि जिम्मेवारी सम्हालेको छु। म लोक सेवा आयोगबाट नै रमाना लिएर क्षेत्रीय प्रशासक पदमा हाजिर हुन गएको व्यक्ति हुँ। सूचना तथा संचार मन्त्रालयमा साढे दुई वर्ष, सामान्य प्रशासन मन्त्रालयमा डेढ वर्ष तथा आयोग र अन्तर्गतमा उपसचिवमा ३ वर्ष, सहसचिव (क्षेत्रीय निर्देशक) मध्यमाञ्चल क्षेत्रमा ३ वर्ष र मध्य पश्चिमाञ्चल क्षेत्रमा १ वर्ष गरी ४ वर्षको कार्य अनुभव हासिल गरिसकेको छु। मेरो पूर्व कार्य अनुभवका आधारमा मेरो सरुवा लोक सेवा आयोगमा भएको हो, तसर्थ मेरो यो सरुवा पदस्थापनालाई स्वाभाविक रुपमा लिएको छु। मलाई आयोगको सचिवको रुपमा लोक सेवा आयोगमा काम गर्ने अवसर मिलेकोमा म अत्यन्त खुशी छु। यस सन्दर्भमा मलाई यस आयोगमा सरुवा गरी आफ्नो क्षमता, योग्यता र अनुभव उपयोग गर्ने अवसर दिएकोमा म लोक सेवा आयोग प्रति आभार व्यक्त गर्न चाहन्छु।

**२) नेपाल सरकारको विशिष्ट श्रेणीको सचिव पदमा बढुवा भएपछि छोटो अवधिका लागि यहाँले गृह मन्त्रालय अन्तर्गत क्षेत्रीय प्रशासकको भूमिका समेत निर्वाह गरिसक्नु भएको छ । हाल लोक सेवा आयोगको सचिवको जिम्मेवारी वहन गर्दै गर्दा यी दुई निकायको कार्यप्रकृतिलाई कसरी तुलना गर्नुहुन्छ ?**

मैले यस अघि नै उल्लेख गरिसकेको छु कि म सचिव पदमा बढुवा हुँदा पनि यस आयोगमै कार्यरत थिएँ। मलाई गृह प्रशासनको कार्य नितान्त नौलो थियो। पाँच महिना मैले मध्य पश्चिमाञ्चल क्षेत्रको क्षेत्रीय प्रशासकको रुपमा काम गर्ने अवसर पाएँ। यसले मध्य पश्चिमाञ्चल क्षेत्रको भौगोलिक, सामाजिक, साँस्कृतिक र राजनीतिक क्षेत्रको कार्य अनुभव समेत आर्जन गर्ने मौका पाएँ। त्यस क्षेत्र भित्रका हाल थपिएको जिल्ला सहित १६ जिल्लाको भौगोलिक स्थिति, रहनसहन आदिको प्रत्यक्ष अनुभव गर्न पाउनु मेरो लागि सौभाग्य पनि हो। क्षेत्रीय प्रशासन कार्यालयको कार्य र लोक सेवा आयोगको कार्यमा धेरै भिन्नताका साथै केही समानता रहेको देखिन्छ। क्षेत्रीय प्रशासकले समग्र क्षेत्रको शान्ति सुरक्षा, सीमा सुरक्षा, विकास निर्माण तथा क्षेत्रको समग्र समन्वय गरी अनुगमन प्रतिवेदन गर्ने कार्य थियो भने आयोगको योजनाबद्ध रुपमा सरकारी, सुरक्षा निकाय तथा संगठित संस्थाको पदपूर्तिको कार्य गर्नुपर्दछ। आयोगले संचालन गर्ने सम्पूर्ण परीक्षाको समन्वय र अनुगमन हालको जिम्मेवारीमा पर्ने भएकाले त्यस प्रकारका कार्यमा केही समानता पनि रहेको छ। क्षेत्रीय प्रशासकले तत्काल नसोचेका कार्य पनि सम्पादन गर्नुपर्ने अवस्था पर्दो रहेछ। म क्षेत्रीय प्रशासक रहँदा केही घटना, दुर्घटना (श्रावण महिनामा तराई क्षेत्रमा बाढी र दैलेख र जाजरकोटको बस दुर्घटना आदि) भए जसलाई जुनसुकै तरिकाले तत्काल उद्धार र राहत गर्नु पर्ने भयो भने त्यस किसिमको कार्य आयोगबाट सम्पादन हुँदैनन्। यस अर्थमा केही भिन्नता पनि रहेको देखिन्छ।

**३) आम जनमानसमा हाल कायम रहेको लोक सेवा आयोगको साखलाई अझ उच्च बनाउन के कस्तो सुधारको खाँचो महसुस गर्नुभएको छ ?**

लोक सेवा आयोग प्रति हालसम्म जनमानसमा आस्था छ। साख र अभिभावकीय भूमिका उच्च छ यसलाई हामी सबैले थप उँचाई दिंदै जानु जरुरी छ। आयोगले परीक्षण पद्धतिमा सुधार गर्दै गएको पनि छ। समय सन्दर्भ र आयोगलाई संविधानले थपिदिएको जिम्मेवारीलाई सफलताका साथ सम्पन्न गर्न हामीले अरु मेहनत गर्न पनि आवश्यक हुन्छ। विविध कारणले हाल आयोगले विज्ञापन देखि सिफारिससम्मका लागि बनाएको कार्यतालिका भित्र कार्य सम्पादन गर्न नसकिएको अवस्था छ। यसबाट आयोगको

साख र आस्था तथा विश्वसनीयतामा पर्न सक्ने असर हरुलाई न्यूनीकरण गर्न नवीनतम प्रविधि भित्र्याउने तथा कार्यशैली र पद्धतिमा निरन्तर सुधार गरी कार्यतालिकाको समय पूर्व नै सिफारिस हुन सक्ने वातावरण बनाउने तर्फ हाम्रो प्रयास केन्द्रित हुन जरुरी छ ।

**४) नेपालको संविधानले लोक सेवा आयोगको कार्यक्षेत्र निजामती सेवामा मात्र सीमित नराखि अन्य सरकारी सेवामा समेत विस्तार गरेको छ । विस्तारित कार्यक्षेत्र अनुसार काम गर्न लोक सेवा आयोग कसरी अगाडी बढ्नुपर्ने देख्नु हुन्छ ?**

नेपालको वर्तमान संविधानले लोक सेवा आयोगलाई निजामती सेवाका अतिरिक्त सुरक्षा निकाय, सार्वजनिक संस्थान तथा संगठित संस्थाहरुको समेत लिखित परीक्षा संचालन गर्ने जिम्मेवारी प्रदान गरेको छ । यसरी आयोगले जिम्मेवारी पाउनु आयोगको गौरवमय इतिहास र साखले गर्दा नै हो । आयोगले अपनाएको परीक्षा पद्धतिले यसलाई सम्भव बनाएको हो । विगत एक वर्षदेखि आयोगले यो जिम्मेवारी पनि सफलतापूर्वक निर्वाह गर्दै आएको छ । म समेत यस कार्यमा संलग्न भइसकेको छु । विगतमा लामो समयदेखि सार्वजनिक संस्थाहरुको पदपूर्ति कार्य नियमित नभएको र एकै पटक लोक सेवा आयोगमा सो जिम्मेवारी आउँदा केही कठिनाई हुनु स्वाभाविक थियो । तर आयोगले यो जिम्मेवारीको कुशलतापूर्वक कार्यान्वयन गरेको छ । यसलाई अझ प्रभावकारी बनाउन र साविकको जिम्मेवारीलाई असर पर्न नदिन केही प्रयास भने गर्नुपर्ने देखिन्छ । मेरो विचारमा निजामती सेवामा जस्तै सुरक्षा निकाय, सार्वजनिक संस्थान तथा संगठित संस्थाका एकै कार्य प्रकृतिका र समान शैक्षिक योग्यता आवश्यक हुने पदहरुको पदपूर्ति एकीकृत रुपमा गर्न मिल्ने बनाउन आवश्यक छ । यसका लागि आयोगबाट स्वीकृत सामान्य सिद्धान्त अनुसार उल्लेखित सबै निकायमा पदपूर्तिका लागि समान प्रक्रिया र समान पाठ्यक्रम बनाउन आवश्यक छ । असमान पद र कार्यप्रकृति भएका पदहरुलाई मात्र अलग परीक्षा लिने व्यवस्था गर्नुपर्दछ । उदाहरणका लागि जुनसुकै प्रकारको निकाय भए पनि प्रशासनिक पदले गर्नुपर्ने कार्य एकै प्रकृतिका हुन्छन् र समान शैक्षिक योग्यता आवश्यक हुन्छ । त्यस्तै गरी सबै निकायका इञ्जिनियरिङ्ग समूहका विभिन्न सिभिल इञ्जिनियर पदको पदपूर्ति गर्दा अलग अलग परीक्षा लिई राख्नु पर्ने आवश्यकता देखिदन । यस्तै प्रकृतिका अन्य धेरै पदहरु हुन सक्दछन् । यसो गरेमा पदपूर्ति प्रक्रिया सरल हुने र पदपूर्तिमा हुने खर्च, समय र विश्वसनीयतामा अभिवृद्धि भई मितव्ययिता समेत कायम गर्न सकिन्छ ।

**५) संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तहमा नयाँ प्रशासनिक संरचना संस्थागत हुँदै गरेको अवस्थामा लोक सेवा आयोगले कस्तो भूमिका खेल्न उपयुक्त हुन्छ ?**

संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना कार्यान्यवयनको चरणमा रहेको छ । मूलतः यो कार्य सरकार तथा संवैधानिक अधिकार अनुसार प्रदेश तथा स्थानीय तहकै हो तथापि सोसँग सम्बन्धित कानून तर्जुमा लगायतमा आयोगको महत्वपूर्ण परामर्शदायी भूमिका रहने छ ।

**६) आयोगको विषयमा थप प्रासंगिक विषयहरु भए उल्लेख गरिदिनुहोला ।**

म आयोगमा विगत लामो समयदेखि कार्यरत रहेको हुँदा आयोगको काम कारवाहीमा परिचित छु । आयोगले समय अनुसार नयाँ प्रविधि भित्र्याउने र आयोगको काम कारवाहीलाई प्रभावकारी बनाउन विभिन्न प्रयासहरु गर्दै आएको छ । अनलाइन प्रविधिबाट दरखास्त संकलन गर्ने व्यवस्था र OMR प्रणालीबाट वस्तुगत परीक्षा लिने व्यवस्था यसका उदाहरण हुन् । अप्राविधिक उच्च पदमा ACM पद्धतिको गृहकार्य भइरहेको छ । यस्तै व्यवस्थाको खोजी र व्यवस्थापन गर्दै जानु पर्दछ । आयोगले आफ्नो कार्यतालिकामा सबै कार्य सम्पादन गर्न सकेको भएतापनि नतिजा प्रकाशनमा भने यदाकदा ढिलाइ हुने गरेको छ । यसमा प्राकृतिक विपति तथा निर्वाचन आदि कारण रहेका छन् । मेरो विचारमा कुनै असहज परिस्थिति आएमा सोलाई व्यवस्थापन गर्न आयोग सक्षम हुनुपर्दछ भन्ने मेरो धारणा छ । नियमित कार्यसम्पादनका लागि सचिवालयले भरमग्दुर प्रयास गर्नुपर्दछ । कुनै विशेष कारण आइपरेमा सचिवालयले समयमै आयोगलाई जानकारी गराई सोको निराकरण गर्ने व्यवस्था मिलाउँदा कार्य सम्पादनमा प्रभावकारिता आउनेछ । यस कार्यमा समग्र मातहतका कर्मचारीहरुको साथ र सहयोग रहनेछ भन्नेमा म विश्वस्त छु ।

“लोक सेवा आयोगको प्रतिबद्धता
योग्यता, स्वच्छता र निष्पक्षता ।”

“लोक सेवा आयोगको दृढ अठोट
स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट ।”

## बारम्बार सोधिने प्रश्नहरु (Frequently Asked Questions)

**आयोगको सूचना तथा प्रकाशन शाखाका उपसचिव श्री देवीप्रसाद सुवेदी र शाखा अधिकृत राजु सत्यालले लोक सेवा आयोगको काम सम्बन्धी समसामयिक विषयमा सरोकारवालाहरुबाट बारम्बार सोधिने प्रश्नहरुको सम्बन्धमा तयार पार्नुभएको जानकारीमूलक विषयवस्तु :**

### १) उम्मेदवारको उमेर र योग्यताको गणना कसरी गरिने व्यवस्था छ ?

लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनमा उम्मेदवार हुनका लागि दरखास्त दिने अन्तिम मिति सम्ममा प्रचलित कानून बमोजिम पुग्नु पर्ने उमेरपूरा भएको वा उमेरको अधिकतम हद ननाघेको हुनु पर्दछ। उम्मेदवारको उमेरको गणना गर्दा निजले दरखास्त फाराम साथ पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति, नागरिकताको प्रमाणपत्रमा उल्लेखित जन्म मिति बाट हुन आउने उमेर वा निजले पेश गरेको उमेर खुलेको अन्य प्रमाणपत्रमा किटिएको जन्म मितिबाट हुन आएको उमेरमध्ये जुन उमेरबाट निज पहिले जन्मिएको देखिन्छ सो सोही आधारमा उमेरको गणना गरिन्छ। फाराम भर्न दिइएको अन्तिम म्याद पछि प्राप्त हुने शैक्षिक योग्यता, तालिम, समावेशीताको प्रमाणपत्र, सेवा अवधि र अनुभवलाई गणना गरिँदैन। यस्तो अवधि गणना गर्दा दोब्बर दस्तूरको मितिलाई आधार मानिदैन।

### २) लिखित नतिजा पुनर्योग सम्बन्धमा के कस्तो व्यवस्था छ ?

आयोगले सञ्चालन गरेको लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि कुनै उम्मेदवारले आफ्नो लिखित परीक्षाको कुनै वा सबै पत्रको पुनर्योगका लागि निवेदन दिन सक्दछ। सो पदमा दरखास्त दिन तोकिएको परीक्षा दस्तूरको आधा दस्तूर संलग्न गरी लिखित परीक्षाको नतिजा प्रकाशन भएको सात दिनभित्र आयोगको सम्बन्धित कार्यालयमा निवेदन दिन सकिन्छ। यसरी पर्न आएको निवेदन सम्बन्धमा आयोगको सम्बन्धित कार्यालयका प्रमुखबाट लिखित परीक्षाको प्राप्ताङ्कको पुनर्योग गरी निवेदकलाई सो को नतिजा जानकारी गराइन्छ। पुनर्योग गर्दा पूर्व प्रकाशित लिखित नतिजामा परिवर्तन गर्नु पर्ने देखिएमा सो गरी र साविकको नतिजामा कुनै परिवर्तन नहुने देखिएमा सोही व्यहोरा खुलाई सार्वजनिक सूचना प्रकाशन गरिन्छ।

### ३) कस्तो अवस्थामा अग्रिम वा छुट अन्तर्वार्ता लिन सकिन्छ ?

अन्तर्वार्ताका लागि छनौट भएको कुनै उम्मेदवारले मनासिव कारण जनाई अन्तर्वार्ताको लागि तोकिएको मितिभन्दा अगाडी नै अन्तर्वार्ता लिइदिन सोको कारण उल्लेख गरी निवेदन दिएमा र निवेदनको व्यहोरा मनासिव देखिएमा आयोगले त्यस्तो व्यक्तिको लागि अग्रिम अन्तर्वार्ता लिन सक्दछ। तल उल्लेख गरिएका अवस्था परी अन्तर्वार्ताको लागि आयोगबाट निर्धारित भएको मिति र समयमा उपस्थित हुन नसक्ने भएमा सोको प्रमाण सहित अन्तर्वार्ताका लागि तोकिएको मितिले किरिया बस्नु परेको हकमा पन्ध्र दिन भित्र र अन्य अवस्थाको हकमा सात दिनभित्र निवेदन दिएमा आयोगले निवेदनको विषयमा जाँचबुझ गरी विषयमा जाँचबुझ गरी व्यहोरा मनासिब देखेमा अग्रीम वा छुट अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्दछ।

- काबु बाहिरको परिस्थिति परेमा
- सरकारी कामको कारणबाट उपस्थित हुन नसकेमा
- किरिया बस्नु परेमा
- सुत्केरी भएमा
- अन्तर्वार्तामा उपस्थित हुन नसक्ने गरी आकस्मिक बिरामी भएमा

अग्रिम वा छुट अन्तर्वार्ताका लागि योग्य हुन संबन्धित उम्मेदवार अन्तर्वार्ता पूर्वका अन्य परीक्षा जस्तै सामूहिक छलफल आदि परीक्षामा अनिवार्य रुपमा उपस्थित भएको हुनु पर्दछ। यसरी अन्तर्वार्तामा समावेश हुने उम्मेदवारले अधिकृतस्तरको पदको हकमा रु. ३०००।- र सहायकस्तरको पदको हकमा रु. १०००।- दस्तूर बुझाउनु पर्नेछ।

### ४. परीक्षामा कस्तो अवस्थामा सहयोगी लेखक राख्न सकिने व्यवस्था छ ?

लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०६७ अनुसार कुनै परीक्षार्थीले परीक्षामा आफैँ लेख्न नसक्ने भई सहयोगी लेखक आवश्यक पर्ने भएमा विशेष परिस्थिति परेको अवस्थामा बाहेक परीक्षा सुरु हुनु भन्दा १० दिन अगावै सहयोगी लेखक माग गरी सम्बन्धित लिखित परीक्षा सञ्चालन गर्ने कार्यालयमा लिखित निवेदन पेश गर्नु पर्दछ। यसरी सहयोगी लेखक माग भएमा सम्बन्धित पदको लागि तोकिएको शैक्षिक योग्यता भन्दा एक तह मुनिको शैक्षिक योग्यता हासिल गरेको व्यक्तिलाई सम्बन्धित कार्यालयले सहयोगी लेखकको रुपमा खटाइन्छ। तर एस.एल.सी भन्दा मुनिको शैक्षिक योग्यता तोकिएको पदको हकमा समान योग्यता हासिल गरेको सहयोगी लेखक खटाउन सकिन्छ।

### ५. संगठित संस्थाको सेवाको शर्त सम्बन्धी कानून बनाउँदा के कस्ता सिद्धान्त अपनाउनु पर्दछ ?

लोक सेवा आयोगबाट मिति २०७४/०२/२५ मा स्वीकृत भई लागू भएको "संगठित संस्थाका कर्मचारीहरुको सेवाका शर्त सम्बन्धी, कानून, बढुवा र विभागीय कारबाही सम्बन्धी समान्य सिद्धान्त, २०७४" बमोजिम संगठित संस्थाहरुले संस्थाको उद्देश्य र कार्य विशिष्टताका आधारमा आफ्नो संस्थाको आवश्यकतालाई दृष्टिगत गरी आ-आफ्नो कर्मचारी सेवा शर्त सम्बन्धी नियम, विनियम वा निर्देशिका बनाउनु पर्दछ। यसरी बनाइने नियम, विनियम वा निर्देशिकाहरु तल उल्लेख गरिएका सिद्धान्तमा आधारित भएर निर्माण गर्नु पर्ने व्यवस्था छ।

- योग्यतामा आधारित छनौट र वृत्ति विकास प्रणाली,
- राजनैतिक तटस्थता,
- कामप्रतिको प्रतिवद्धता,
- समान अवसर र पहुँच
- सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी व्यवस्था,
- कानूनद्वारा संरक्षित सेवा, शर्त, सुविधाको व्यवस्था
- समानुपातिक समावेशीकरणको सिद्धान्तको आधारमा पदपूर्ति हुने व्यवस्था।

# स्वतः प्रकाशन (Proactive Disclosure)

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ को उपदफा (३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिमको सार्वजनिक निकायहरुले गर्नुपर्ने स्वतः प्रकाशन (Proactive Disclosure) सम्बन्धी सार्वजनिक गरिएको विवरण ।**

<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th colspan="4">व्यवस्था</th></tr>
<tr><td>१.</td><td>निकायको स्वरूप र प्रकृति</td><td colspan="4">संवैधानिक निकाय</td></tr>
<tr><td>२.</td><td>निकायको काम, कर्तव्य र अधिकार</td><td colspan="4">नेपालको संविधानको धारा २४३ मा व्यवस्था भए बमोजिम ।</td></tr>
<tr><td>३.</td><td>निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण</td><td colspan="4">विभिन्न पदका ४०२ जना (राजपत्रांकित श्रेणीतर्फ १३८, राजपत्र अनंकित श्रेणीतर्फ १७९ र श्रेणी विहीनतर्फ ८४),<br>कार्य विवरण धेरै पदको रहेकोले कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।</td></tr>
<tr><td>४.</td><td>निकायबाट प्रदान गरिने सेवा</td><td colspan="4">माग तथा पदपूर्ति निरिक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन र सूचना प्रकाशन, परीक्षा सञ्चालन, अन्तर्वार्ता, छनौटतथा सिफारिस, संविधान तथा ऐन, नियममा उल्लेखित विषयहरु (नियुक्ति, बढुवा, विभागीय कारवाही, सामान्य सिद्धान्त, सेवा शर्त) मा परामर्श माग भई आएमा परामर्श प्रदान, बढुवा, उजुरी उपर टुंगो लगाउने आदि ।</td></tr>
<tr><td rowspan="23">५.</td><td rowspan="23">सेवा प्रदान गर्ने निकायको महाशाखारशाखा र जिम्मेवार अधिकारी</td><th>क्र. सं.</th><th>महाशाखा र महाशाखाप्रमुखको नाम</th><th>शाखाहरुको नाम</th><th>शाखा प्रमुखहरुको नाम (उपसचिव)</th></tr>
<tr><td rowspan="5">१.</td><td rowspan="5">प्रशासन तथा निरीक्षण महाशाखा<br>सहसचिव<br>श्री लक्ष्मीविलास कोइराला</td><td>क) सूचना तथा प्रकाशन शाखा</td><td>श्री देवीप्रसाद सुवेदी</td></tr>
<tr><td>ख) प्रशासन शाखा</td><td>श्री डिल्लीराज पोखरेल</td></tr>
<tr><td>ग) आर्थिक प्रशासन शाखा</td><td>श्री पुरुषोत्तम शर्मा</td></tr>
<tr><td>घ) योजना तथा निरीक्षण शाखा</td><td>-</td></tr>
<tr><td>ङ) सूचना सञ्चार प्रविधि शाखा</td><td>श्री रमेश शर्मा पौडेल</td></tr>
<tr><td rowspan="4">२.</td><td rowspan="4">अन्तर्वार्ता तथा सिफारिस महाशाखा<br>सहसचिव<br>श्री किरणराज शर्मा</td><td>क) प्रश्नपत्र परिमार्जन शाखा (प्राविधिक)</td><td>श्री चुरामणि मरासिनी</td></tr>
<tr><td>ख) प्रश्नपत्र परिमार्जन शाखा (अप्राविधिक)</td><td>-</td></tr>
<tr><td>ग) अन्तर्वार्ता तथा सिफारिस शाखा</td><td>श्री रमेश मैनाली</td></tr>
<tr><td>घ) प्रश्नपत्र परिमार्जन शाखा(सुरक्षा निकाय तथा संगठित संस्था)</td><td>श्री राजन राई</td></tr>
<tr><td rowspan="5">३.</td><td rowspan="5">परीक्षा महाशाखा<br>सहसचिव<br>श्री जानकीराम शर्मा बराल</td><td>क) परीक्षा सञ्चालन शाखा (प्राविधिक)</td><td>श्री समुन्द्रराज रेग्मी</td></tr>
<tr><td>ख) परीक्षा सञ्चालन शाखा (अप्राविधिक)</td><td>श्री सन्तोषप्रसाद दाहाल</td></tr>
<tr><td>ग) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक)</td><td>श्री कुशला पौडेल</td></tr>
<tr><td>घ) लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक)</td><td>श्री जगन्नाथ बराल</td></tr>
<tr><td>ङ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा</td><td>श्री सुर्यनाथ कोइराला</td></tr>
<tr><td rowspan="3">४.</td><td rowspan="3">परीक्षण प्रविधि, अनुसन्धान तथा पाठ्यक्रम महाशाखा<br>मुख्य मनोविज्ञानवेत्ता<br>डा. खगेन्द्रप्रसाद सुवेदी</td><td>क) परीक्षण प्रविधि शाखा</td><td>श्री सर्मुनलाल शाक्य</td></tr>
<tr><td>ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा</td><td>श्री कृष्ण जि.सी.</td></tr>
<tr><td>ग) अनुसन्धान तथा विकास शाखा</td><td>श्री नवराज लम्साल</td></tr>
<tr><td rowspan="2">५.</td><td rowspan="2">कानून महाशाखा<br>सहसचिव<br>श्री पाराश्वर ढुङ्गाना</td><td>क) नीति नियम तथा अभिलेख शाखा</td><td>श्री केशव शर्मा</td></tr>
<tr><td>ख) उजुरी तथा विभागीय सजाय परामर्श शाखा</td><td>श्री टंकबहादुर महत</td></tr>
<tr><td rowspan="3">६.</td><td rowspan="3">सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा<br>सहसचिव<br>श्री झक्कप्रसाद आचार्य</td><td>क) लिखित परीक्षा सञ्चालन शाखा</td><td>श्री नारायणप्रसाद ज्ञवाली</td></tr>
<tr><td>ख) लिखित परीक्षा नतिजा तयारी शाखा</td><td>श्री ईश्वरीप्रसाद अर्याल</td></tr>
<tr><td>ग) लिखित परीक्षा नतिजा प्रकाशन शाखा</td><td>श्री सुर्यप्रसाद सापकोटा</td></tr>
<tr><td>६.</td><td>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि</td><td colspan="4">कामको प्रकृति अनुसार फरक फरक हुने । आयोगको नागरिक बडापत्रमा उल्लेख गरिएको ।</td></tr>
<tr><td>७.</td><td>निर्णय गर्ने प्रक्रिया र अधिकारी</td><td colspan="4">छलफल, कार्यदल, टिप्पणी, प्रस्ताव । (नागरिक वडापत्रमा उल्लेख गरिएको)</td></tr>
<tr><td>८.</td><td>निर्णय उपर उजुरी सुन्ने अधिकारी</td><td colspan="4">अधिकार प्रत्यायोजन अनुसार सहसचिवहरु, सचिव, आयोगका माननीय सदस्यहरु, माननीय अध्यक्ष, सम्बन्धित अदालतहरु ।</td></tr>
<tr><td>९.</td><td>सम्पादन गरेको कामको विवरण</td><td colspan="4">माग तथा पदपूर्तिको निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन, सूचना प्रकाशन, पाठ्यक्रम निर्धारण, शैक्षिक योग्यता निर्धारणमा सहयोग, परीक्षा सञ्चालन, उपयुक्त उमेदवारको छनौट तथा सिफारिस, बढुवा उजुरीको सुनुवाई, पदपूर्ति सम्बन्धी सामान्य सिद्धान्तहरुको निर्माण, विभागीय कारवाही लगायत विषयमा परामर्श माग भई आएमा परामर्श प्रदान आदि ।</td></tr>
<tr><td>१०.</td><td>प्रमुख सूचना अधिकारीको नाम र थर</td><td colspan="4">प्रमुख माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली<br>सचिव श्री महेन्द्रप्रसाद गुरागाईं<br>सूचना अधिकारी श्री देवीप्रसाद सुवेदी (उपसचिव)</td></tr>
</table>

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| ११. | आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आधार लिने गरेका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | • नेपालको संविधान<br>• लोक सेवा आयोग ऐन, २०६६ तथा लोक सेवा आयोग नियमावली, २०६७<br>• निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०<br>• नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५<br>• व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५<br>• विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु<br>• सुरक्षा निकायहरु (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग) तथा संगठित संस्थाहरु सम्बन्धी ऐन, नियमावलीहरु<br>• लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७<br>• लोक सेवा आयोगको कार्य पद्धति दिग्दर्शन, २०७०<br>• लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचार संहिता, २०६९<br>• लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा लोक सेवा आयोगका समय-समयका निर्णयहरु<br>• सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु<br>• लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु<br>• अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु |
| १२. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आर्थिक प्रशासन सम्बन्धी विवरण सम्बन्धित शाखाबाट मासिक रुपमा आयोगको सूचना पाटीमा सार्वजनिक गर्ने गरेको |
| १३. | तोकिए बमोजिम अन्य विवरण | |
| (क) | सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण | Website: www.psc.gov.np<br>Email: info@psc.gov.np |
| (ख) | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण | आयोगको वेवसाइट www.psc.gov.npहरेक बुधबार गोरखापत्रमा नियमित रुपमा (आवश्यकता अनुसार अन्य बारहरुमा पनि)आयोगबाट प्रकाशन हुने बुलेटिन (सूचनापत्र), रेडियो नेपाल (प्रत्येक बुधबार राती ९:०० बजेको समाचारपछि) मा प्रकाशन तथा प्रशारण हुने । |

## लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण

| क्र.सं. | निकायहरुको नाम | सूचना अधिकारीको पद, नाम र थर | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | शाखा अधिकृत, श्री पुष्पराज पाण्डे | ०२६-५२०१३०, ९८४७१९४३१३ |
| २. | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं | शाखा अधिकृत, पदमबहादुर राउत | ०१-४११५८३३, ९८५११५६९२६ |
| ३. | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | शाखा अधिकृत, श्री रेपनाथ आचार्य | ०६१-४६३१४५, ९८४६०५९६२२ |
| ४. | मध्य-पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | शाखा अधिकृत, श्री भरत खनाल | ०८३-५२०१०६, ९८४८०७५५५६ |
| ५. | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | शाखा अधिकृत, श्री हरिबहादुर चन्द | ०९४-४४०१४७, ९८४८७४७३६३ |
| ६. | मेची अञ्चल कार्यालय, इलाम | शाखा अधिकृत, श्री जनार्दन कट्टेल | ०२७-५२००६२, ९८४१६९६६१४ |
| ७. | सगरमाथा अञ्चल कार्यालय, दिक्तेल | शाखा अधिकृत, श्री रघुपति काफ्ले | ०३६-४२०१७७, ९८४१५६५००३ |
| ८. | जनकपुर अञ्चल कार्यालय, जलेश्वर | शाखा अधिकृत, श्री विष्णुप्रसाद न्यौपाने | ०४४-५२०१४७, ९८५८३२०५३६ |
| ९. | नारायणी अञ्चल कार्यालय, हेटौंडा | शाखा अधिकृत, श्री श्यामसुन्दर श्रेष्ठ | ०५७-५२०३०२, ९८४५०३२०९२ |
| १०. | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | शाखा अधिकृत, श्री नारायणप्रसाद आचार्य | ०७१-५४०२०७, ९८५११६२६६३ |
| ११. | धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ | शाखा अधिकृत, विन्दुदेवी शर्मा | ०६८-५२२६४७, ९८५७६३३४३३ |
| १२. | राप्ती अञ्चल कार्यालय, दाङ | शाखा अधिकृत, श्री कृष्णप्रसाद आचार्य | ०८२-५२००१३, ९८४७८५४३८८ |
| १३. | कर्णाली अञ्चल कार्यालय, जुम्ला | शाखा अधिकृत, श्री ओमकुमार श्रेष्ठ | ०८७-५२०००८, ९८४१८३९१८७ |
| १४. | महाकाली अञ्चल कार्यालय, कञ्चनपुर | शाखा अधिकृत, श्री खगेन्द्रप्रसाद भट्ट | ०९९-५२१२०९, ९८४९५०७८९१ |
| १५. | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | शाखा अधिकृत, श्री निमराज भट्टराई | ०१-४७७१२१४, |

## आयोगको सम्पर्क व्यक्ति (PSC Focal Person)

लोक सेवा आयोगको सेवा प्रवाहमा सहभागीता प्रबर्द्धन गर्दै प्रभावकारिता अभिवृद्धि गर्न हरेक सार्वजनिक निकाय (मन्त्रालय तथा केन्द्रीय र संघीय, क्षेत्रीय र प्रादेशिक, जिल्लास्तरीय निकायहरु एवम् सुरक्षा निकाय र संगठित संस्था) प्रत्येकमा एक जना लोक सेवा आयोगको सम्पर्क व्यक्ति (PSC Focal Person) को व्यवस्था गर्न आयोगबाट मिति २०७४/४/२७ मा निर्णय भए बमोजिम हालसम्म सम्पर्क व्यक्ति तोकि आयोगलाई जानकारी गराउने निकाय र सम्पर्क व्यक्तिको नाम यस प्रकार छ ।

| क्र.सं. | सार्वजनिक निकायको नाम | सम्पर्क व्यक्तिको नाम र पद | सम्पर्क नं |
|---|---|---|---|
| १. | खानेपानी तथा सरसफाइ मन्त्रालय | श्री शंकर प्रसाद सुवेदी, सहसचिव | ४२००५०७, ९८४१३४५५४२ |
| २. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | श्री विसु कुमार के.सी., उपसचिव | ४२११६८०,९८४१३५१४२९ |
| ३. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | श्री तोयनाथ अधिकारी, सहसचिव | ९८५११४७२७७ |
| ४. | सूचना तथा सञ्चार मन्त्रालय | श्री रामचन्द्र ढकाल, सहसचिव | ९८५११७७३५० |
| ५. | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | श्री आनन्दराज ढकाल, सहसचिव | ९८५१०३७१८६ |
| ६. | युवा तथा खेलकूद मन्त्रालय | श्री सुशिला अर्याल, उपसचिव<br>श्री रामकृष्ण श्रेष्ठ, शाखा अधिकृत | ९८४१४९१२६४ |
| ७. | सहकारी तथा गरिबी निवारण मन्त्रालय | श्री रघुराम विष्ट, सहसचिव<br>श्री सुशिला काकी, शाखा अधिकृत | ९८४१४२३२७६ |
| ८. | सहरी विकास मन्त्रालय | श्री राजेन्द्रकुमार पौडेल, सहसचिव<br>श्री खेमराज उपाध्याय, उपसचिव | |
| ९. | सिंचाई मन्त्रालय | श्री दानध्वज बस्नेत, सहसचिव | ९८५११३२५१० |
| १०. | आपूर्ति मन्त्रालय | श्री मुकुन्दप्रसाद पौड्याल, सहसचिव | ४२०००३३, ९८५१०४२०८२ |
| ११. | निर्वाचन आयोग | श्री दीपक सुवेदी, सहसचिव | ९८४१२८२१३९ |
| १२. | नेपाल ट्रष्टको कार्यालय | श्री रामभक्त श्रेष्ठ, उपसचिव | ९८४१२८७१९० |
| १३. | उपराष्ट्रपतिको कार्यालय | श्री कृष्णप्रसाद पौडेल, सहसचिव<br>श्री गोपीप्रसाद पौडेल, शाखा अधिकृत | ९८४१३३५८५७ |
| १४. | विज्ञान तथा प्रविधि मन्त्रालय | श्री सुरेन्द्र सुवेदी, सहसचिव<br>श्री एकराज आचार्य, शाखा अधिकृत | ९८४१७६९३३३<br>९८४१३४२६१६ |
| १५. | रक्षा मन्त्रालय | श्री उत्तमप्रसाद नागिला, सहसचिव | ९८४१४६९१६२ ,९८४२८४८७८४ |
| १६. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | श्री घनश्याम उपाध्याय, सहसचिव | ९८४१६८८५३४ |
| १७. | परराष्ट्र मन्त्रालय | श्री तापस अधिकारी, सहसचिव<br>श्री लेखनाथ गौतम, उपसचिव | ४२११६६९, ९८५११२२०८२ |
| १८. | सर्वोच्च अदालत | श्री लालबहादुर कुँवर, सहरजिष्ट्रार | |
| १९. | महान्यायाधिवक्ताको कार्यालय | श्री गणेशबाबु अर्याल, सहन्यायाधिवक्ता | ९८४१२१३६७८ |
| २०. | श्रम तथा रोजगार मन्त्रालय | श्री तेजराज पाण्डे, सहसचिव | ९८५११०३३२२ |
| २१. | जनसंख्या तथा वातावरण मन्त्रालय | श्री लक्ष्मीकुमारी वस्नेत, सहसचिव | ९८४१३५७२३८ |
| २२. | जिल्ला सरकारी वकील कार्यालय, स्याङ्जा | श्री दिव्यज्योती खनाल, नायब सुब्बा | ९८४१५५२३१८ |
| २३. | राष्ट्रपतिको कार्यालय | श्री हरिप्रसाद दवाडी, सहसचिव | ९८४६०९७६१५ |
| २४. | उच्च सरकारी वकील कार्यालय, ओखलढुङ्गा | श्री नवराज पराजुली, शाखा अधिकृत | ९८५११७२१२१ |
| २५. | महालेखा नियन्त्रण कार्यालय | श्री भुवन प्रसाद काफ्ले, उपमहालेखा नियन्त्रक | ९८५१२४३१५७ |
| २६. | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | श्री रामप्रसाद भट्टराई, सहसचिव | ९८५१०३३११९ |
| २७. | जल तथा उर्जा आयोगको सचिवालय | श्री यज्ञप्रसाद भट्टराई , सहसचिव | ९८५१०९९८९७ |
| २८. | विशेष सरकारी वकील कार्यालय | श्री भुवनेश्वर पौडेल, उपन्यायाधिवक्ता | ९८४१३७७३१९ |

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम आयोग र मातहतका निकायहरुबाट सूचना माग र फछ्र्यौट सम्बन्धी विवरण

| क्र.सं. | सूचना माग कर्ताको नाम र ठेगाना | माग भएको सूचनाको विवरण | सूचना माग भएको मिति | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| १ | सुदिप श्रेष्ठ<br>पूर्ण प्रसाद पाण्डे | मिति २०७१/११/१३ गते लोक सेवा आयोगको बुलेटिनमा प्रकाशित सूचना नम्बर ३/०७१/७२ को निर्णयको प्रतिलिपि माग गरेको । | २०७४/८/२७ | माग गरेको सूचना उपलब्ध गराईएको । |
| २. | जयशंकर महर्जन<br>नेपाल राष्ट्र बैंक | लोक सेवा आयोगको प.सं. ०७४/७५ च.नं. १० र मिति २०७४/६/१ गते नेपाल राष्ट्र बैंकलाई अनुरोध गरिएको पत्रको प्रमाणित प्रतिलिपि लगायत कागजात माग गरेको । | २०७४/८/२७ | निर्णयको प्रतिलिपि उपलब्ध गराईएको । |

# लोक सेवा आयोग

## आ.व. २०७४/०७५ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका-२

## (सुरक्षा निकायहरु तथा अन्य सरकारी सेवा/संगठित संस्थाहरु तर्फका विभिन्न श्रेणी/तहका पदहरु)

| क्र.सं. | निकाय | पदपूर्तिको किसिम | | प्रतिशत निर्धारण/ सहमती प्रदान | विज्ञापन/ सूचना प्रकाशन | लिखित परीक्षा सञ्चालन | लि.प.नतिजा | अन्तर्वार्ता र सिफारिश |
|---|---|---|---|---|---|---|---|---|
| १ | **नेपाली सेना** | | | | | | | सम्बन्धित संस्थाबाट अन्तर्वार्ता र सिफारिश हुने। |
| क | अधिकृत क्याडेट | खुला तथा समावेशी | | साउन | भदौ/असोज | मंसिर/पुस | पुस | |
| ख | अधिकृत क्याडेट पदिक/हुद्दा | आ.प्र. | | फागुन | चैत्र/वैशाख | वैशाख/जेठ | जेठ/असार | |
| ग | लेखा/प्राड प्राविधिक अधिकृत (पहिलो पटक) | आ.प्र./खुला तथा समावेशी | | साउन/भदौ | साउन/भदौ | असोज/कार्तिक | कार्तिक/मंसिर | |
| घ | लेखा/प्राड प्राविधिक अधिकृत (दोस्रो पटक) | आ.प्र. | | कार्तिक | मंसिर/पुस | माघ | फागुन | |
| ङ | प्राड/जम/प्राविधिक पदिक | आ.प्र./खुला तथा समावेशी | | मंसिर | पुस/माघ | फागुन/चैत्र | चैत्र/वैशाख | |
| च | प्राविधिक बिल्लादार | आ.प्र./खुला तथा समावेशी | | मंसिर | पुस/माघ | फागुन/चैत्र | चैत्र/वैशाख | |
| छ | लेखा जम.क./अ.क./सैन्य/ड्राईभर/फलोअर्स | आ.प्र./खुला तथा समावेशी | पहिलो पटक | भदौ | असोज/कार्तिक | मंसिर/पुस | माघ | |
| | | | दोस्रो पटक | पुस | माघ/फागुन | चैत्र/वैशाख | जेठ | |
| | | | * तेस्रो पटक | वैशाख | जेठ/असार | असार | असोज | |
| २ | **नेपाल प्रहरी** | | | | | | | |
| क | प्रहरी निरीक्षक (प्राविधिक/अप्राविधिक) | खुला तथा समावेशी | | साउन | साउन | असोज/कार्तिक | मंसिर/पुस | |
| ख | प्रहरी प्राविधिक अधिकृत | खुला तथा समावेशी | | साउन | साउन | असोज/कार्तिक | पुस/माघ | |
| ग | प्रहरी सहायक निरीक्षक | खुला तथा समावेशी | पहिलो पटक | साउन | साउन | कार्तिक/मंसिर | माघ/फागुन | |
| | | | दोस्रो पटक | मंसिर | पुस | चैत्र/वैशाख | जेठ/असार | |
| घ | प्रहरी जवान (प्रा./अप्रा.) | गत वर्षको बाँकी | | भएको | भएको | भदौ | असोज | |
| ङ | प्रहरी जवान (अप्राविधिक) | खुला तथा समावेशी | पहिलो पटक | साउन | भदौ | मंसिर/पुस | माघ | |
| | | | दोस्रो पटक | पुस | माघ | चैत्र/वैशाख | वैशाख | |
| च | प्रहरी जवान (प्राविधिक) | खुला तथा समावेशी | | माघ | फागुन | जेठ/असार | असार | |
| छ | प्रहरी कार्यालय सहयोगी | खुला तथा समावेशी | | माघ | फागुन | जेठ/असार | असार | |
| ३ | **सशस्त्र प्रहरी बल, नेपाल** | | | | | | | |
| क | सशस्त्र प्रहरी निरीक्षक | खुला तथा समावेशी | | भदौ | असोज | मंसिर/पुस | फागुन/चैत्र | |
| ख | सशस्त्र प्रहरी प्राविधिक अधिकृत | खुला तथा समावेशी | | साउन | साउन | भदौ/असोज | मंसिर/पुस | |
| ग | सशस्त्र प्रहरी सहायक निरीक्षक | खुला तथा समावेशी | | भदौ | असोज | मंसिर/पुस | वैशाख | |
| घ | सशस्त्र प्रहरी जवान (प्राविधिक/अप्राविधिक)/फलोअर्स | खुला तथा समावेशी | पहिलो पटक | साउन | साउन | असोज/कार्तिक | कार्तिक/मंसिर | |
| | | | दोस्रो पटक | माघ | फागुन | वैशाख/जेठ | जेठ/असार | |
| ४ | **राष्ट्रिय अनुसन्धान विभाग** | | | | | | | |
| क | अनुसन्धान अधिकृत | खुला तथा समावेशी | | साउन | साउन/भदौ | असोज/कार्तिक | पुस/माघ | |
| ख | अनुसन्धान सहायक | खुला तथा समावेशी | | साउन | साउन/भदौ | मंसिर/पुस | फागुन/चैत्र | |
| ५ | धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, पर्यटन बोर्ड, नेपाल खाद्य संस्थान, निक्षेप तथा कर्जा सुरक्षण कोष, नेपाल राष्ट्र बैंक, राष्ट्रिय बिऊ बिजन कम्पनी लिमिटेड, नेपाल कृषि अनुसन्धान परिषद, नेपाल वायु सेवा निगमका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | भएको | भएको | साउन/भदौ | कार्तिक/मंसिर | |
| ६ | कर्मचारी संचय कोष, नेपाल विधुत प्राधिकरण, कृषि विकास बैंक, नेपाल बैंक लिमिटेड, औधोगिक क्षेत्र व्यवस्थापन लिमिटेड, व्यपार तथा निकासी प्रवर्धन केन्द्रका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | भएको | भएको | भदौ/असोज | पुस/माघ | |
| ७ | शहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल टेलिकम, रेडियो प्रसार सेवा विकास समिति, घरेलु तथा साना उद्योग विकास समिति, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, नेपाल प्रज्ञा प्रतिष्ठानका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | भएको | भएको | असोज/कार्तिक | फागुन/चैत्र | |
| ८ | सांस्कृतिक संस्थान, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परीषद, बीमा संस्थान, नेपाल टेलिभिजन, उदयपुर सिमेन्ट उद्योग लिमिटेडका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | साउन | साउन/भदौ | कार्तिक/मंसिर | चैत्र/वैशाख | |
| ९ | कृषि विकास बैंक, नेपाल राष्ट्र बैंक, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, नागरिक लगानी कोष, बीमा समिति, नेपाल धितो पत्र बोर्ड, कृषि सामाग्री कम्पनी लिमिटेड, निक्षेप तथा कर्जा सुरक्षण कोषका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | भदौ | भदौ | मंसिर/पुस | वैशाख/जेठ | |
| १० | खानेपानी संस्थान, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, राष्ट्रिय बीमा कम्पनी लिमिटेड, नेपाल दुरसंचार प्राधिकरण, राष्ट्रिय वाणिज्य बैंक, कर्मचारी सञ्चयकोष, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, स्वास्थ्य अनुसन्धान परिषदका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | भदौ | असोज | पुस/माघ | फागुन/चैत्र | |
| ११ | कर्मचारी प्रशिक्षण प्रतिष्ठान, नेपाल आयल निगम, पर्यटन बोर्ड, नेपाल बैंक लिमिटेड, न्यायिक प्रतिष्ठान, नेपाल पर्यटन तथा होटल प्रशिक्षण प्रतिष्ठानका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | असोज | असोज/कार्तिक | माघ/फागुन | चैत्र/वैशाख | |
| १२ | नेपाल विधुत प्राधिकरण, नेपाल वायु सेवा निगम, नेपाल कृषि अनुसन्धान परिषद, गोरखापत्र संस्थान, दुग्ध विकास संस्थान, समाज कल्याण परिषदका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | असोज | असोज/कार्तिक | फागुन/चैत्र | वैशाख/जेठ | |
| १३ | राष्ट्रिय समाचार समिति, विश्व विद्यालय अनुदान आयोग, नेपाल नागरिक उड्डयन प्राधिकरण, हेटौडा सिमेन्ट उद्योग लिमिटेड, नेपाल खाद्य संस्थानका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | असोज | कार्तिक | चैत्र/वैशाख | जेठ/असार | |
| १४ | कृषि सामग्री कम्पनी लिमिटेड, विपि कोइराला मेमोरियल क्यान्सर अस्पताल, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, नगर विकास कोष, नेपाल इन्टरमोडल यातायात विकास समिति, मानव अंग प्रत्यारोपण केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, सिंहदरवार वैद्यखाना विकास समितीका विभिन्न पदहरु | आ.प्र/खुला तथा समावेशी | | असोज | कार्तिक | वैशाख/जेठ | असार | |
| १५ | **अन्य संगठित संस्थाहरु** | संस्थाबाट माग भै आएको अवस्थामा आयोगको निर्णय बमोजिम हुने। | | | | | | |

*** विशेष परिस्थितिमा मात्र सञ्चालन गर्ने**

# लोक सेवा आयोग

## आ.व. २०७४/०७५ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका-१

## (निजामती सेवातर्फ राजपत्रांकित तथा राजपत्र अनंकित विभिन्न श्रेणी/तहका पदहरु)

| क्र.सं. | श्रेणी/तह | पदपूर्तिको किसिम | | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लि.प.नतिजा | अन्तर्वार्ता र सिफारिश |
|---|---|---|---|---|---|---|---|---|
| १. | राजपत्रांकित विशिष्ट श्रेणी | बढुवा | | आवश्यकता अनुसार | - | - | - | - |
| २. | विभिन्न सेवाका राजपत्रांकित प्रथम श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | | भदौ/असोज | असोज अन्तिम बुधवार | मंसीर | पुष/माघ | फागुन/चैत्र |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | | |
| ३. | विभिन्न सेवाका राजपत्रांकित द्वितीय श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | | भदौ/असोज | असोज अन्तिम बुधवार | पुस/माघ | फागुन/चैत | चैत्र/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | | |
| ४. | स्वास्थ्य सेवाका एघारौं र नवौं तहका पदहरु | खुला र आ.प्र. द्वारा | | भदौ/असोज | असोज अन्तिम बुधवार | पुस/माघ | फागुन/चैत | चैत्र/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | | |
| ५. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | | असोज/कार्तिक | कार्तिक अन्तिम बुधवार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| | | आन्तरिक प्रतियोगिताद्वारा * | | | | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा * | | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | | |
| ६. | स्वास्थ्य सेवाका आठौं तहका पदहरु | खुला प्रतियोगिताद्वारा | | असोज/कार्तिक | कार्तिक अन्तिम बुधवार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| ७. | स्वास्थ्य सेवाका सातौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | | असोज/कार्तिक | कार्तिक अन्तिम बुधवार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्यांकनबाट हुने समायोजनद्वारा | | | | | | |
| ८. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | प्रथम चरण | कार्तिक/मंसीर | मंसीर अन्तिम बुधवार | माघ | फागुन | |
| | | | द्वितीय चरण | | | चैत्र | जेठ | साउन/भदौ |
| | | आन्तरिक प्रतियोगिताद्वारा* | | | | चैत्र | जेठ | साउन/भदौ |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | | |
| ९. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | प्रथम चरण | मंसीर/पुस | पुस अन्तिम बुधवार | फागुन | चैत | |
| | | | द्वितीय चरण | | | वैशाख | साउन/भदौ | भदौ/असोज |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | | |
| १०. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | | पुस /माघ | माघ अन्तिम बुधवार | वैशाख | जेठ | साउन/भदौ |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | | |
| ११. | स्वास्थ्य सेवाका पाँचौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | | पुस/माघ | माघ अन्तिम बुधवार | वैशाख | जेठ | साउन/भदौ |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा | | | | | | |
| १२. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका अप्राविधिक पदहरु | आ.प्र. | | माघ/फागुन | फागुन अन्तिम बुधवार | असार | भदौ/असोज | असोज/कार्तिक |
| | | खुला | प्रथम चरण | | | वैशाख | असार | |
| | | | द्वितीय चरण | | | असार | भदौ/असोज | असोज/कार्तिक |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | | |
| १३. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका प्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | | फागुन/चैत्र | चैत्र अन्तिम बुधवार | जेठ | असार | साउन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | | |
| १४. | स्वास्थ्य सेवाका चौथो तहका पदहरु | खुला प्रतियोगिताद्वारा | | फागुन/चैत्र | चैत्र अन्तिम बुधवार | जेठ | असार | साउन |
| १५. | टाइपिष्ट | आ.प्र. द्वारा बढुवा | | | साउन अन्तिम बुधवार | असोज | असोज/कार्तिक | असोज/कार्तिक |
| १६. | विविध | आवश्यकता अनुसार | | | | | | |

* व्यवस्थापिका संसद सेवाको लागि मात्र ।

**पुनश्चः-** *यस कार्यतालिकाको कार्यान्वयनका लागि नेपाल सरकारका विभिन्न सेवा, समूह संचालन गर्ने मन्त्रालय/ निकायबाट पदपूर्तिका लागि माग आकृति फाराम प्राप्त भएपछि मात्र विज्ञापन प्रकाशन गरिनेछ ।*